का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ असार २०८२,
बुधबार
18 June, 2025
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १३६ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# ओलीलाई रोक्न उमेर हदको अडान



"७० वर्ष उमेर हद फेल खाइसक्यो । अहिले म ७४ मा चल्दैछु ।"

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले

पूर्वराष्ट्रपति विद्या भण्डारीले ७० वर्षे उमेर हद र कार्यकालसम्बन्धी प्रावधान कायम राख्नुपर्ने पक्षमा नेताहरूलाई सुझाउँदै आएकी छन् । उमेर हद कायमै रहे अध्यक्ष ओली, उपाध्यक्षहरु ईश्वर पोखरेल, अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली र रामबहादुर थापा उम्मेदवार बन्न पाउँदैनन् ।



"नेतृत्वमा नयाँको सहज आगमन र व्यक्ति भन्दा संस्था तथा कम्युनिष्ट आन्दोलनलाई व्यवस्थित गर्न यो व्यवस्था राखिएको हो"

**कर्ण थापा**
पोलिटब्यूरो सदस्य
नेकपा (एमाले)

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३ असार

संसदको दोस्रो ठूलो दल नेकपा (एमाले) को विधानमा व्यवस्था भएको ७० वर्षे उमेर हद र एउटै पदमा लगातार दुई पटक भन्दा बढी बस्न नपाउने प्रावधान खारेज गर्ने संकेत अध्यक्ष केपी शर्मा ओली आफैले दिइरहेका छन् ।

२०७१ असारमा भएको नवौं महाधिवेशनबाट पारित उमेरहदको प्रावधानलाई २०८० जेठमा बसेको केन्द्रीय समितिको बैठकले तत्कालका लागि निलम्बन गरेको छ ।

एकीकृत समाजवादीबाट एमालेमा फर्केका मुकुन्द न्यौपाने लगायत नेता व्यवस्थापन गर्न तत्काललाई उमेर हदको प्रावधान निलम्बन गरिएको गरिएको थियो । २०६५ सालमा बुटवलमा सम्पन्न एमालेको आठौं महाधिवेशनले एउटै कार्यकारी पदमा दुईपटक भन्दा बढी निर्वाचित हुन नपाउने व्यवस्था गरेको थियो ।

उक्त व्यवस्थालाई पनि प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली हटाउन चाहन्छन् । ओलीले नेतृत्वमा ७० वर्षे उमेर हद असफल भइसकेको बताएका छन् । योसँगै एमालेमा उमेरहदको थप पेचिलो बन्दै गएको हो । २५ जेठमा ओलीले एक सार्वजनीक कार्यक्रममा भनेका थिए '७० वर्ष उमेर हद फेल खाइसक्यो । अहिले म ७४ मा चल्दैछु । ७० मा रिटायर्ड हुन चार वर्ष घटाउन भएन । त्यसकारण, उमेरले होइन । स्वास्थ्यले साथ दिन्छ, दिँदैन । कार्यक्षमता हुन्छ या हुँदैन यी कुराहरु मुख्य हो ।'

चीन र साइप्रसको कम्युनिष्ट पार्टीमा नेतृत्वको निरन्तरताका लागी उमेर हद हटाइएको समेत उनले चर्चा गरेका थिए । 'चीनमा महासचिव दुईपल्ट, राष्ट्रपति हुइपल्ट हुन पाउने नियम बनाएको थियो । सिचिनपिङको नेतृत्वको निरन्तरताको आवश्यकता देखेपछि चिनियाँ कम्युनिष्ट पार्टीले ६५ वर्षे उमेरहद हटायो । साइप्रसको कम्युनिष्ट पार्टी, अरु विभिन्न पार्टीले उमेर हद तोकेका थिए, छोडे । जडसुत्रको रुपमा कुनै कुरा समाउने होइन ।'

उनी अझै सक्रिय राजनीति गर्ने र नेतृत्वमा रहीरहने सोचमा छन् । तेस्रोपटक अध्यक्ष बन्ने आकांक्षा पालेका ओलीले आगामी २०-२२ भदौमा हुने विधान महाधिवेशनबाट उक्त व्यवस्थालाई हटाउने वा संशोधन गर्ने गृहकार्यमा छन । तर यो विषयमा पार्टीभित्र मतभेद देखिएको छ ।

पार्टीका बरिष्ठ उपाध्यक्ष इश्वर पोखरेलले विधानमा भएको उमेर हद र कार्यकालसम्बन्धी व्यवस्था हटाउन नहुने पक्षमा छन् । 'एमालेबाटै विभाजित भएर समाजवादीमा गएकाहरू »» पृष्ठ २ मा

# अमेरिकी सपनामा बज्रपात !

आप्रवासीप्रति फेरिएको अमेरिकी नीतिले कैयन नेपालीको सपनामा धक्का लागेको छ । ७ वर्षमा ३९० नेपाली जबरजस्ती फर्काइनुले पनि धेरैलाई तर्साएको देखिन्छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ असार ।



२५ जेठ २०८२ मा ३७ जना नेपाली अमेरिकाबाट नेपाल आए । सहज अवस्था हुन्थ्यो भने उनीहरू नेपाल फर्किंदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आफन्तको ओइरो हुन्थ्यो । अमेरिकाले जबरजस्ती फर्काएका उनीहरू विमानस्थलमा ओर्लिएपछि काम गर्दा गर्दैको अवस्थामा लिएर आएका बोरा बोकेर बाहिरिए । कत्तिले उनीहरूको दर्द भन्दा ज्यादा अमेरिका जान मरिहत्ते गरेका प्रसंग जोडेर खिसिट्युरी गरे । किनभने, अमेरिका जान लाखौं रकम खर्च गर्नेका कथा भेट्टाउन टाढा पुग्नु नपर्ने अवस्था छ ।

फेरिएको अमेरिकी नीतिले अवैध बाटोबाट अमेरिका पुगेकाहरू सुरक्षित छैनन् । वैध बाटोबाट गएका आप्रवासीप्रति समेत अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प कठोर छन् । यसले अमेरिकामा रहेका आप्रवासीको आम्दानीदेखि उनीहरूको सम्मानपूर्ण जीवनमा समेत असर गर्दछ । एकातिर सर्वस्व गुमाएर अमेरिका पुगेकाहरूको नउकासिएको जीवन र अर्कोतिर आप्रवासीप्रति फेरिएको अमेरिकी नीतिले कैयन नेपालीको सपना तुहिएको छ । ७ वर्षमा ३९० नेपाली जबरजस्ती फर्काइनुले पनि धेरैलाई तर्साएको देखिन्छ ।

मानव बेचविखन अनुसन्धान ब्यूरोकाअनुसार पछिल्लो ७ वर्षमा ३९० जना नेपाली अमेरिकाबाट जबरजस्ती फर्काइएका छन् । जबरजस्ती फर्काइनेको संख्या दोस्रो कार्यकालमा डोनाल्ड ट्रम्प आएपछि ह्वात्तै बढेको देखिन्छ । ट्रम्पले गत जनवरी २० मा सत्ता सम्हालेका थिए । त्यसयता १६३ जना नेपाली अमेरिकाबाट निष्कासनमा परेका छन् । त्यसअघि हरेक वर्ष ७ देखि ८३ जनासम्म फर्काइने गरेका थिए । ट्रम्प सत्तामा पुनः आएपछि ह्वात्तै बढेको हो । यसरी फर्काइनेमा नेपालबाट अवैध बाटो हुँदै अमेरिका पुग्नेहरू ज्यादा रहेका छन् । उनीहरु १ करोड रुपैयाँसम्म बुझाएर अमेरिका पुगेका थिए । त्यो पनि सहजै पुगेका होइनन्, एक वर्षसम्म दश भन्दा धेरै देशको सीमा पार गर्दै पुगेका थिए । सीमा पार गर्दा पनि जंगलको कष्टकर बाटो पार गरेका थिए । अमेरिका पुग्ने सपना बोकेर कष्टकर यात्रा गर्नेहरूले एकातिर बिचौलियालाई लाखौं रकम बुझाएर गएका थिए, अर्कोतिर अमेरिकामा पुगेर पनि जीवन उकास्न सकिरहेका थिएनन् । यस्तैमा जबरजस्ती नेपाल फर्काइएपछि अन्य कैयनको अमेरिकी सपना आफैं खण्डित हुन पुगेको छ । अझ अमेरिका हिँडेका, तर बाटोमै अलपत्र परेकाहरूको कथा दर्दनाक छ । यस्तो अवस्था उजागर हुँदा अवैध बाटो भएर अमेरिका जान खोज्नेहरू आफैं हच्किने अवस्था बन्न पुगेको देखिन्छ ।

# धरौटीमा छुटे मिश्र



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असार

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का उपाध्यक्ष रवीन्द्र मिश्र ३ लाख धरौटीमा छुटेका छन् । तीनकुने घटनामा प्रतिवादी बनाइएका मिश्र मंगलबार आफैँ अदालतमा उपस्थित भएपछि उनको बयान र थुनछेक बहसपछि धरौटीमा छाडिएको हो ।

न्यायाधीश तारादेवी महर्जनको इजलासमा वरिष्ठ अधिवक्ताहरु गोविन्द बन्दी, भिमार्जुन आचार्य, राजु बस्नेत र सतिशकृष्ण खरेलले मिश्रको तर्फबाट बहस गरेका थिए । मंगलबार सरकारी वकिलका तर्फबाट ८ जनाले बहस गरेका थिए । बहसपछि अदालतबाट तीन लाख धरौटीमा छाड्न आदेश भएको हो । मिश्रकी श्रीमती सारिका कार्कीले धरौटीबापतको तीन लाख रुपैयाँ जम्मा गरेर मिश्रलाई बुझेर लगिन ।

मिश्रविरुद्ध १५ चैतमा राजावादीहरूले गरेको आन्दोलनलाई हिंसात्मक बनाएको आरोपमा सोही दिन प्रहरीले पक्राउ गरेको थियो । उनीसँगै राप्रपाका महामन्त्री धवल शमशेर राणा पनि पक्राउ परेका थिए । तीनकुने घटनाको प्रतिवादीका रुपमा दुबै नेतालाई राज्य विरुद्धको कसुर, आपराधिक उपद्रव, »» पृष्ठ २ मा

## सहकारी ठगी प्रकरण

# कम्बोडियामै पक्राउ परे भण्डारी

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ३ असार ।



मितेरी सहकारी ठगी प्रकरणमा संलग्न रहेको आरोपमा ज्योतीबहादुर भण्डारी पक्राउ परेका छन् । उनी कम्बोडियामा पक्राउ परेका हुन् । भण्डारीलाई नेपाल ल्याउने तयारी अगाडि बढिसकेको छ । प्रहरीका अनुसार केही दिनमै उनी नेपाल आइपुग्नेछन् ।

प्रहरीका अनुसार मितेरी सहकारी ठगीमा आरोपित भण्डारी कम्बोडियामा अर्कै मुद्दा खेपिरहेका छन् । त्यहाँबाट छुट्न लागेका छन् । छुट्नासाथ भण्डारीलाई नेपाल फर्काउने तयारी छ ।

प्रहरीका अनुसार ललितपुरको महालक्ष्मीस्थित मितेरी सेभिङ एण्ड क्रेडिट कोओपरेटिभ लिमिटेडको १४ करोड ८१ लाख रुपैयाँ हिनामिनामा भण्डारीको संलग्नता रहेको आंशका छ । यही शंकाका आधारमा उनीमाथि प्रहरीको अनुसन्धान चलिरहेको छ ।

सहकारी ठगीको आरोपमा अनुसन्धान गर्न भण्डारीलाई नेपाल ल्याउन प्रहरीले इन्टरपोलमार्फत रेड नोटिस जारी गरेको थियो । नेपाल ल्याएर उनीमाथि सहकारी ठगीको आरोपमा अनुसन्धान हुनेछ ।

भण्डारीसँगै कांग्रेस उपसभापति धनराज गुरुङकी पत्नी ज्योती गुरुङविरुद्ध पनि नोटिस जारी भएको छ । तर गुरुङ भने अहिलेसम्म पक्राउ परेकी छैनन् । यो बेला प्रहरीले सोही मुद्दाका आरोपित भण्डारीलाई नेपाल ल्याउन लागेको हो ।

प्रहरीका अनुसार भण्डारी कम्बोडियामा पक्राउ परेर त्यहींको आरोप खेपिरहेका छन् । उनी कम्बोडियाको मुद्दाबाट छुट्न लागेका छन् । छुटे लगत्तै उनलाई इन्टरपोलको »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# सरकारले बनायो नेपालीको सुरक्षादेखि उद्धारको कार्य योजना

## इजरायल-इरान युद्ध

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असार ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले इरान र इजरायलबीचको युद्ध चर्किए भारत र चीनको सहयोग लिएर नेपालीको उद्धार गर्नेलगायतका योजना तयार पारेको बताएको छ ।

श्रम सचिव डा. कृष्णहरि पुष्करको अध्यक्षतामा मंगलबार गृह, परराष्ट्र, पर्यटन, कानुन मन्त्रालयसहित संसदीय समिति, नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतका सरोकारवालासहितको बैठकले युद्धले सिर्जना गर्ने समस्याबाट नेपाली कामदारहरूलाई सुरक्षित राख्ने र उद्धार गर्नेलगायतका पहल गर्ने निर्णय गरेको हो ।

बैठकले आवश्यक परेको अवस्थामा नेपाली श्रमिकको उद्धार गर्न राज्यका सबै संयन्त्र परिचालन गर्ने, इजरायल र इरानमा रहेका नेपालीलाई अन्य मुलुक भएर नेपाल आउन चाहेमा त्यस्ता मुलुकबाट भिसा उपलब्ध गराउन परराष्ट्र मन्त्रालयमार्फत पत्राचार गर्ने निर्णय गरेको छलफलमा सहभागी संघका अध्यक्ष भुवनसिंह गुरुङले मध्यान्ह दैनिकलाई जानकारी दिए । बैठकले भारत र चीनले इजरायल र इरानबाट आफ्ना नागरिक उद्धार गर्दा नेपालीलाई पनि समेट्न कूटनीतिक माध्यमबाट अनुरोध गर्ने निर्णय पनि गरेको छ ।

बैठकमा आपत्कालीन कामबाहेकका लागि मध्यपूर्वका देशको भ्रमणमा नजान ट्राभल एड्भाइजरी जारी »» पृष्ठ २ मा

# राहदानी बनाउन स्पेनमा २५२ जनाको आवेदन

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ३ असार ।



विद्युतीय राहदानी (ई-पासपोर्ट) बनाउनका लागि स्पेनको बेनिडोर्मबाट २५२ जना नेपालीको राहदानी आवेदन संकलन गरिएको छ । राहदानी विभाग काठमाडौं र स्पेनस्थित नेपाली दूतावासको संयुक्त टोलीले आलिकान्तेको बेनिडोर्ममा सम्पन्न गरेको दुई दिने घुम्ती शिविरबाट विद्युतीय राहदानीका »» पृष्ठ २ मा

कर्मचारी आवश्यकता
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
★ General Manager- 1 (Male/Female)
★ Recruitment Manager- 1 (Male/Female)
★ Public Relation Officer- 4 (Male/Female)
● 2 Years Experience In Related Fields.
आकर्षक तलब साथै बोनसको व्यवस्था
SEND YOUR CV: info@allasiaoverseas.com
ALL ASIA OVERSEAS PVT.LTD.
Govt License No 1305/074/075
Gaushala, Kathmandu-7, Nepal, Tel No: +977-1- 4621975, 4621918. Web: www.allasiaoverseas.com

म्यानपवार कम्पनीमा कर्मचारी आवश्यकता

| सि.नं. | पद | संख्या | उमेर | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| 1 | Hr Manager | 2 F | 25 To 40 | Bachelor Passed |
| 2 | Executive secretary | 2 F | 25 To 40 | Bachelor Passed |
| 3 | PRO | 5 M/F | 22 To 40 | SEE Passed, No Experience |

SALARY
- Executive secretary & Hr manager 20000/- to 40000/-
- PRO 15000/- to 30000/-

नोट:
- म्यानपवार कम्पनीमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्नेछ ।
- सम्वन्धित काममा कम्तीमा २ देखि ५ वर्ष सम्मको ज्ञान हुनुपर्नेछ ।

RIGHT PATH INTERNATIONAL PVT. LTD.
Gov. Lic. No. 1655/080/081
Hanumansthan Kupandole-10, Lalitpur, Nepal, Tel.: 5920180, 5920181
9765050187, Email: rightpath2023ltd@gmail.com

# ‘भिजिट भिसा’ अहिलेको मात्र समस्या होइन : प्रचण्ड

**चितवन/मस-** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले ‘भिजिट भिसा’ अहिलेको मात्र समस्या नभएको बताएका छन् ।

प्रेस सेन्टर चितवनले मंगलबार दाहाल निवास शिवनगरमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले भिजिट भिसा समस्या २०६४ सालदेखि भएको बताएका हुन् ।

प्रचण्डले भने, ‘यो २०६४ सालदेखि चल्दै आएको छ भन्ने कुरो तपाईंहरुले पनि थाहा पाउनुभएको छ र हामीले पनि थाहा पाएकै छौं’ यस विषयमा छानबिन र नीतिगत सुधार गर्नुपर्ने उनको भनाइ छ ।




यो मुद्दालाई त्यत्तिकै नछाड्ने उनले बताए । यसका लागि जरुरी परे संविधान संशोधन, ऐन निर्माण र नीतिगत निर्णय गर्नु परे पनि गरिने उनको धारणा छ । उनले भने,‘मैले छोडेर पनि यो मुद्दा नेपाली जनताले छाड्ने कुरा हुँदैन ।’

प्रचण्डले आफूहरु प्रतिपक्षमा भए पनि सत्ता पक्षको जस्तो भूमिका निर्वाह गर्दै आएको बताए । उनले भने, ‘हामीले संविधानका निम्ति, ऐन कानुनका निम्ति, सिस्टमका निम्ति सत्तापक्षको भूमिका खेल्नुपर्ने बाध्यता छ ।’

अध्यक्ष प्रचण्डले बजेट पारित गर्नुपर्ने, संघीय निजामती सेवा ऐन र विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने, शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्नुपर्ने लगायतका जिम्मेवारीबोधका साथ ३० दिनभित्र छानबिन समिति बनाउने सर्तमा संसद्को अवरोध खुलाउन सहमति गरिएको स्पष्ट पारे ।

राजपुर बमकाण्ड

# छोरा गुमाएका श्रीनारायण न्यायका लागि अनवरत संघर्षमा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३ असार

रौतहटको बहुचर्चित राजपुर बमकाण्डमा छोरा गुमाएका श्रीनारायण सिंह राजपूत न्यायको खोजीमा काठमाडौंमा छन् । ८४ वर्षीय राजपूतले उच्च अदालत जनकपुरको अस्थायी इजलासबाट अभियुक्तहरूलाई सफाइ दिइएको फैसलाप्रति असन्तुष्टि जनाउँदै न्याय परिषद् समक्ष छानबिनको मागसहित उजुरी दर्ता गराएका छन् ।




जिल्ला अदालत रौतहटले २०८१ वैशाख ३ गते मुख्य अभियुक्त मोहम्मद अफताब आलमलाई जन्मकैदको फैसला सुनाए पनि त्यस निर्णयविरुद्ध परेको पुनरावेदनमा उच्च अदालतका न्यायाधीशद्वय खुशीप्रसाद थारु र अर्जुन महर्जनको इजलासले आलमसहित अन्यलाई सफाइ दिएको थियो ।

राजपूतको उजुरीमा लगभग १२ सय पृष्ठको मिसिल र गम्भीर प्रकृतिको मुद्दा हुँदाहुँदै पनि केवल ४ घण्टामै सुनुवाइ टुंग्याउँदै ‘घटना नै घटेन’ भन्ने निष्कर्षमा पुगिनु न्यायिक अनियमिता र बदनियतको संकेत रहेका उल्लेख गरिएको छ ।

उनले प्रत्यक्षदर्शीको बयान, भौतिक प्रमाण र सर्वोच्च अदालतका अघिल्ला आदेशहरूलाई बेवास्ता गरिएको गुनासो गरेका छन् । उनले जिन्दगी रहुन्जेल न्यायका लागि संघर्षमा रहने बताएका छन् ।

श्रीराजपूतले काठमाडौंस्थित महान्यायाधिवक्ताको कार्यालय लगायतका सरोकारवाला निकायहरूमा पुगेर आफूले भोगेको अन्यायबारे जानकारी गराइसकेका छन्। न्याय परिषद्को सचिवसमक्ष आफूले राखेको निवेदनलाई ‘हेरौंला’ भनी लिइएको उनले बताए ।

# कानुन व्यवसायीलाई मुद्दा मिलापत्रको जिम्मेवारी दिनु हुँदैन : मन्त्री चौरसिया



**काठमाडौं/मस-**कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले कानुन व्यवसायीहरुलाई मुद्दा मिलापत्रको जिम्मेवारी दिन नहुने बताएका छन् ।

प्रतिनिधिसभाअन्तर्गतको कानुन न्याय तथा मानव अधिकार समितिको बैठकमा बोल्दै उनले यस्तो बताएका हुन् ।

नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ बारे संशोधनकर्ता सदस्यहरुले कानुन व्यवसायीहरुले मुद्दाको पक्ष र विपक्षसँग मिलेर मुद्दा मिलापत्र गरे के गर्ने भन्ने विषय उठेको थियो । जसमा मन्त्री चौरसियाले कानुन व्यवसायीहरुलाई मुद्दा मिलापत्र गराउन दिन नहुने बताए ।

उनले दुई पक्षको मिलापत्रको जिम्मेवारी कानुनी रुपमा दिँदा भविष्यमा अफ्ठ्यारो आउने बतए। यसले थप विकृति निम्त्याउनसक्ने उनले बताए। समितिको बैठकमा नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ को संशोधनमा संशोधनकर्ता नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले मुद्दाका दुवै पक्षलाई मिलापत्र गर्न र गराउनका लागि आफूले फाइदा लिने हिसावले दबाब दिनसक्नेतर्फ सचेत गराएका थिए । कानुन व्यवसायीहरुले मुद्दा मिलापत्र गर्दा दुवैतर्फबाट मुद्दा मिलाइदिने नाममा भ्रष्टाचार गर्नसक्ने भन्दै सरकारको ध्यानाकर्षण गराए। मन्त्री चौरसियाले कानुन व्यवसायीहरुको अनुशासनको कुरालाई पनि विधेयकले समेट्ने बताए ।

## ओलीलाई...

फर्कन उमेर हदको सीमाले केही व्यवहारिक अप्ठ्यारो भएको हो’ पोखरेलले भने ‘महाधिवेशनमा पारित गरिएको विषयलाई बोक्नु हामी सबैको कर्तव्य हो । विधान महाधिवेशनमा यो विषयमा गम्भीर छलफल हुन्छ ।’

यद्यपि एमालेको विधानले बाधा अड्काउ फुकाउको निर्णय गर्ने अधिकार केन्द्रीय कमिटीलाई दिएको हुँदा त्यहा ओलीको बहुमत छ । तर, बैठकले यस्तो निर्णय गरे विधान महाधिवेशन वा राष्ट्रिय महाधिवशेनबाट अनुमोदन गर्नुपर्ने व्यवस्था रहेको नेताहरूले बताएका छन् । उमेर हदको विषय व्यक्ति भन्दा पनि पार्टी र कम्युनिष्ट आन्दोलन केन्द्रित भएर निर्णयमा पुग्नुपर्ने नेकपा एमालेका पोलिटव्युरो सदस्य कर्ण थापाले बताए। उमेर हद र दुई कार्यकाल सम्बन्धी दुवै प्रस्ताव अध्यक्ष ओलीकै भएको थापाको भनाई छ।‘नेतृत्वमा नयाँको सहज आगमन र पूरानाबाट सहज हस्तान्तरणको लागी यो व्यवस्था राखिएको हो’, थापाले मध्यान्हसँग भने ‘व्यक्ति भन्दा पनि संस्था र कम्युनिष्ट आन्दोलनलाई व्यवस्थित गर्ने विषय हो।’ ओलीकै व्यवस्थापनका लागी दसौं राष्ट्रिय महाधिवेशनको २ महिना अघि भएको विधान महाधिवेशनले ७० वर्ष पुग्नुअघि निर्वाचित कार्यकारीको हकमा त्यस्तो व्यवस्था लागू नहुने निर्णय गरेको थापाले बताए ।

उनले भने ‘अध्यक्ष ओलीको जन्मदिन ११ फागुनमा हो, तर नेतृत्वमा उहाँकै व्यवस्थापनका लागी १०-१३ मंसिर २०७८ मा दशौं महाधिवेशन गरिएको हो । दसौं राष्ट्रिय महाधिवेशनमा ओली उठ्न नमिल्ने भएपछि उहाँकै व्यवस्थापन र कम्युनिष्ट आन्दोलन बचाउनका लागी महाधिवेशन हुनु दुई महिनापूर्व २०७८ असोजमा ललितपुरको गोदावरीमा भएको विधान महाधिवेशनले यस्तो व्यवस्था गरेको हो ।’

तर विधानमा यो व्यवस्था हटाउन पुराना नेताहरू लागीरहेको अवस्थामा पार्टीको विधन महाधिवेशन आगामी भदौमा हुँदैछ । सोही विधन महाधिवेशनमा यसको निर्णय हुने गरी अहिले जिल्ला तथा प्रदेशबाट सुझाव संकलन भइरहेको थापाले बताए । ‘विधानको सन्दर्भमा संशोधन गर्नुपर्ने कुराहरू, थप गर्नुपर्ने कुरासहितका सुझाव के छन ? विधानमा भएका प्रावधान के मिलाउनुपर्छ ? भन्ने विषयमा प्रदेश र जिल्लालाई सर्कुलर पठाएर राय सुझाव मागिएको छ’,थापाले भने ।

एमालेभित्र पछिल्लो पटक पूर्वराष्ट्रिपति विद्यादेवी भण्डारीको सक्रिय राजनीतिलाई लिएर पनि यो विषय बढी चर्चामा आएको बताइएको छ। ६४ वर्षकी भण्डारी ७० वर्षे उमेर हद र कार्यकाल सम्बन्धी प्रावधान कायम राख्नुपर्ने पक्षमा नेताहरू सुझाउँदै आएकी एमालेका एक नेताले बताए । उनले भने ‘पूर्वराष्ट्रिपति भण्डारी पनि आगामी पार्टी नेतृत्वका लागी उपर्युक्त पात्र हुन सक्ने भएकाले उहाँले नेताहरूलाई विधानमा भएको व्यवस्था कायमै राख्न सुझाव दिदै आउनुभएको छ ।’

प्रदेश र जिल्ला दौडाहामा लागेकी उनले विधानमा भएको उमेर हदको सन्दर्भमा एमालेका नेताहरूसँगको भेटवार्ता र छलफल चलाएदै आएको उनको दावी छ । ७० वर्षे उमेर हद कायमै रहेको अवस्थामा एमालेका १८ पदाधिकारीमध्ये अध्यक्ष ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, उपाध्यक्ष युवराज ज्ञवाली र उपाध्यक्ष रामबहादुर थापा उम्मेदवार बन्न पाउँदैनन् ।

## धरौटीमा...

सङ्गठित अपराध र एकीकृत कसुरमा सजाय हुन मागदावी लिइएको थियो। सोमबार महामन्त्री राणालाई पनि अदालतले ३ लाख धरौटीमा रिहा गरेको थियो ।

## कम्बोडियामै...

सहयोगमा नेपाल ल्याउन लागिएको हो ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले मितेरी सहकारी ठगी प्रकरणमा अनुसन्धान गरिरहेको छ। यो सहकारीको रकम अपचलनको विषयमा यसअघि सीआईबीले कांग्रेस उपसभापति धनराज गुरुङसँग दुई पटक सोधपुछ गरिसकेको छ ।

धनराज गुरुङले पनि मितेरी सहकारीबाट ऋण लगेको भेटिएको छ। सहकारीमा ब्याज पनि तिरेको भेटिएपछि प्रहरीले सोधपुछ गरेको थियो ।

तर गुरुङले भने सहकारीको रकम अपचलनमा आफ्नो कुनै संलग्नता नरहेको बताउँदै आएका छन्। ज्योती गुरुङसँग पनि सम्बन्ध विच्छेद भइसकेको बताएका छन्। यसकारण धनराज गुरुङलाई छाडेर सीआईबी ज्योती गुरुङलाई खोजिरहेको छ ।

क्रिप्टोबाट रातारात दश गुणाभन्दा धेरै नाफा प्राप्त हुने प्रलोभनमा परेर एकै व्यक्तिले ज्योतिबहादुर भण्डारीलाई तीन करोड ४५ लाखसम्म दिएको सिआइबीको अनुसन्धानमा खुलेको छ ।

सिआइबीका अनुसार भण्डारीले तीन करोड ४५ लाख लगानी गर्दा ३३ करोड रुपैयाँ आम्दानी हुने प्रलोभन दिएका थिए । सिआइबीले उक्त सहकारीका कार्यसमितिका ९ पदाधिकारीलाई कार्यालयमै बोलाएर कागज गराएको छ । यसमा क्रिप्टो र ठगीअन्तर्गत दुई छुट्टाछुट्टै कसुरमा अनुसन्धान गरिरहेको छ ।

सहमतिकै आधारमा क्रिप्टोमा लगानी भएको देखिएपछि मितेरीका कार्यसमितिका पदाधिकारीलाई कागज गराएको सिआइबीले जनाएको छ ।

अनुसन्धान अनुसार सहकारीको रकम क्रिप्टोमा लगानी भएको देखिन्छ। मुख्य योजनाकार ज्योति भण्डारीलाई कार्यसमितिका पदाधिकारीले सहमतिमै रकम दिएको देखिन्छ। त्यसो हुँदा यो घटनालाई ठगी र क्रिप्टो गरी दुई फरक-फरक कसुरअन्तर्गत अनुसन्धान भइरहेको हो छ। सोही प्रयोजनमा सहकारीका पदाधिकारीलाई कार्यालयमा उपस्थित गराएर कागज गराइएको थियो ।

पछिल्लो समयमा सहकारीको नेतृत्व कुम्भराज गुरुङले गरिरहेका छन् । घटनाका मुख्य योजनाकार भण्डारीसँग गुरुङको भेट ज्योति गुरुङमार्फत भएको थियो। ज्योतिले यसअघि नै भण्डारीमार्फत क्रिप्टोमा लगानी गरेकी थिइन् । क्रिप्टोबाट फाइदा भएको भन्दै भण्डारीले नक्कली स्लिपहरूसमेत ज्योतिलाई पठाउने गरेको अनुसन्धानमा खुलेको छ ।

## सरकारले...

गर्नेदेखि कामदार पठाउन ढिलाइ गर्ने विषयमा छलफल भएको थियो । ट्राभल एड्भाइजरी जारी गर्ने विषयमा सहमति भएपनि श्रम स्वीकृति रोक्ने र कामदार नपठाउने विषयमा कुनै निर्णय नभएको पनि अध्यक्ष गुरुङले जानकारी दिए ।

उनले भने, ‘कामदार नपठाउने विषय छलफलमा उठेको थियो, तर श्रम गन्तव्य मुलुकले कामदार लिन नरोकेसम्म नेपालले एकपक्षीयरूपमा कामदार नपठाउने निर्णय गर्नु अपरिपक्व हुने देखिएपछि त्यसमा कुनै निर्णय भएन । नियमितरूपमा कामदार पठाउन कुनै रोकावट छैन ।’

बैठकले युद्धबाट प्रभावित श्रमिकलाई मंगलबारदेखि नै मनोपरामर्श सेवा दिन वैदेशिक रोजगार बोर्ड र सामाजिक सुरक्षा कोषलाई निर्देशन दिएको छ । बैठकपछि इजरायल-इरानमा रहेका नेपालीहरूलाई उद्धार गर्ने प्रयोजनका लागि परराष्ट्र मन्त्रालयले विवरण फारम तयार पारेर वेबसाइटमा राखेको छ ।

## राहदानी...

लागि जैविक विवरणसहितको आवेदन संकलन गरिएको हो ।

शिविरबाट राहदानीको म्याद सकिएका, राहदानीको म्याद एक वर्षभन्दा कम भएका, क्षति भएका र हराएका गरी कुल २५२ जनाको जैविक विवरणसहितको आवेदन संकलन गरिएको म्याड्रिडस्थित नेपाली दूतावासका सहचारी विपिन चन्दले जानकारी दिए । नयाँ राहदानी बनाउनका लागि आवेदन दिनेमा राहदानी क्षति भएका र नष्ट भएकाहरूको संख्या धेरै रहेको उनले बताए । शिविरबाट करिब ३५ हजार युरो अर्थात् झण्डै ५५ लाख रुपैयाँ राजस्व संकलन भएको चन्दले बताए ।

आलिकान्ते क्षेत्रमा बसोबास गर्ने नेपालीहरूको सहजताका लागि राहदानी विभागसँगको समन्वयमा घुम्ती शिविर सञ्चालन गरेर राहदानी सेवा प्रदान गरिएको दूतावासले जनाएको छ । घुम्ती सेवालाई नेपाल समाज एशोसियसन कोष्टाव्लांका, एनआरएनए कोष्टाव्लांका लगायतका नेपाली संघसंस्थाले समन्वय र सहजीकरण गरेका थिए ।

घुम्ती शिविरमार्फत बेनिड्रोममै सेवा पाउँदा राहदानीसम्बन्धी समस्यामा परेका नेपालीहरूले राहत मिलेको भन्दै खुशी व्यक्त गरेको शिविर संयोजक असिम लोप्चनले बताए। शिविरमा काल्पे, आल्तेया, कास्पे, आल्भिर, खाबिया, डेनिया, मुर्सिया, टोरटोसालगायतका क्षेत्रमा बस्ने नेपालीहरूले सेवा लिएको उनले बताए । राहदानीसम्बन्धी समस्या परेका आलिकान्ते क्षेत्रका नेपालीहरूको सहजताका लागि दूतावासलाई आग्रह गरेर घुम्ती शिविर सञ्चालन गरिएको संयोजक लोप्चनले बताए ।

शिविरमा दूतावासका द्वितीय सचिव पुरक अधिकारी, सहचारी विपिन चन्द, राहदानी विभागका नायब सुब्बा ज्योत्सना काफ्ले, दूतावासका कर्मचारी लक्ष्मण शर्मा खटिएका थिए । शिविर संयोजक लोप्चनका अनुसार एनआरएनए स्पेनका उपमहासचिव केशवराज कँडेल, एनआरएनए कोष्टाव्लांकाका अध्यक्ष सुरेश बज्राचार्य, नेपाल समाज एसोसिएसनका अध्यक्ष केसरबहादुर थापालगायतले शिविरको समन्वय र सहजीकरण गरेका थिए ।

# कांग्रेसलाई कसैले परास्त गर्न सक्दैन: सांसद यादव

**रौतहट/मस-**नेपाली कांग्रेस मधेश प्रदेशका संसदीय दलका नेता एवं सांसद कृष्ण प्रसाद यादवले कांग्रेस निकै पुरानो इतिहास बोकेको ठूलो दल रहेकाले चाहेर पनि कसैले परास्त गर्न नसक्ने दाबी गरेका छन्। माधवनारायण नगरपालिका -५ मिठुअवा कटहरिया टोलमा आयोजित पार्टी प्रवेश एवं नेता कार्यकर्ता भेटघाट कार्यक्रममा कांग्रेसका मधेश प्रदेश सभापति समेत रहेका यादवले अरु दलको कुनै भविष्य नरहेकाले कांग्रेस पार्टीले मात्र देशको स्थायित्व दिन सक्ने बताए ।

कार्यक्रममा कांग्रेसका मधेश प्रदेश प्रचारप्रसार विभाग प्रमुख नितेश गुप्ताले पार्टीलाई अझै मजबूत बनाउँदै लैजाने बताए ।



एउटै टोलका सयौं नेता कार्यकर्ताहरुले सामूहिक रूपमै कांग्रेसमा आएकाले आउँदो २०८४ को निर्वाचनमा माधवनारायण नगरपालिकामा कांग्रेसले राम्रो मत ल्याउने र बहुमत प्राप्त गर्ने नेता गुप्ताले विश्वास व्यक्त गरे। कार्यक्रममा माधवनारायण नगरपालिकाका नगर प्रमुख बैजनाथ प्रसाद यादव, नेपाली कांग्रेसका रौतहट जिल्ला सचिव मिथलेश मिश्रा लगायतका वक्ताहरुले देशमा एकमात्र पार्टी नेपाली कांग्रेसले मात्र विकास गर्न सक्ने बताएका थिए ।

कार्यक्रममा रौतहटमा सयौंको संख्यामा नेता कार्यकर्ताहरु नेपाली कांग्रेसमा प्रवेश गरेका छन् ।

नेपाली कांग्रेस माधवनारायण नगरपालिका -५ को वडा कार्य समितिले आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा कटहरिया टोलका राजिनन्द सहनी, जय प्रकाश सहनी, गोपाल सहनी, रामएकवाल सहनी लगायतका नेता कार्यकर्ताहरु कांग्रेसमा प्रवेश गरेका थिए । उनीहरू नेकपा एकीकृत समाजवादी र नेकपा एमाले त्याग गरी कांग्रेसमा प्रवेश गरेका हुन् । कार्यक्रममा सांसद यादवले उनीहरुलाई टिका, माला लगाएर पार्टी प्रवेश गराएका थिए ।

# हेटौंडामा योग शिविर: २ सय बढीको सहभागिता

**राजकुमार केसी/मध्यान्ह**
मकवानपुर, ३ असार

बागमती प्रदेशको राजधानी हेटौंडामा अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा बृहत् योग शिविर सम्पन्न भएको छ। भारतीय महावाणिज्यदूतावास, वीरगञ्जको आयोजनामा नेपाल भारत मैत्री संघ मकवानपुर, डायनेमिक पब्लिक लाइब्रेरी र पतञ्जली योग समिति मकवानपुरको सहकार्यमा हेटौंडाको रोयल प्यालेसमा आयोजित शिविरमा २ सय बढीको सहभागिता रहेको थियो ।

शिविरमा विभिन्न राजनीतिक दलका नेता, संघसंस्थाका प्रतिनिधि, नागरिक समाजका अभियन्ता तथा योगप्रेमीहरूको उल्लेखनीय उपस्थिति थियो ।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाको प्रमुख आतिथ्यता रहेको थियो । उनले स्वस्थ जीवन र शारीरिक तन्दुरुस्तीका लागि योग अपरिहार्य रहेको उल्लेख गर्दै यस्तो अभ्यासलाई नियमित जीवनशैलीको अंग बनाउन आह्वान गरे ।

कार्यक्रममा विशेष अतिथि भारतीय महावाणिज्यदूत देवी सहाय मीनाले योग मानव स्वास्थ्य र समग्र जीवनकल्याणको लागि अत्यावश्यक अभ्यास भएको बताइन् । उनले भनिन्,‘योगले तन, मन र आत्मा सबैको सन्तुलन कायम गर्छ, त्यसैले आजको युगमा यसको महत्व अझ बढेको छ ।’

सन् २०१४ मा संयुक्त राष्ट्रसंघको महासभाले नेपालसहित १७७ राष्ट्रको समर्थनमा हरेक वर्ष जुन २१ मा अन्तर्राष्ट्रिय योग दिवस मनाउने निर्णय गरेको थियो । यस वर्ष ‘एक पृथ्वी, एक स्वास्थ्यका लागि योगको महत्व’ भन्ने नाराका साथ दिवस मनाइएको हो ।

स्थानीय सरकार

**फतुवा विजयपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
लक्ष्मीनिया (दो). रौतहट
मधेश प्रदेश, नेपाल

**आशयपत्र सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/०३/०४

यस कार्यालयद्वारा तपशिलका निर्माण कार्यका लागि दोस्रो पटक मिति २०८२/०२/१९ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना बमोजिम रितपूर्वक **E-Bid** मार्फत प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको तपसिलको निर्माण कार्यको बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागि छनोट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | न्युनतम मुल्यांकित बोलपत्र दाताको नाम | कबोल रकम रु. (मु.अ.कर. र P.S. सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | FBMun/NCB/ Works/06/081/82 RE | Irrigation Boaring Pipe Installation Works of Fatuwa Bijaypur Municipality Ward 01 to Ward No. 09, Rauthata | Sutantra Construction Pvt. Ltd., Pokhara-09 | 3682872.13 | |

प्रमुख प्रशासकीय अधिकृत

**यूएईमा रोजगार**
कम्पनी: ALUMETAL BRANCH
पूर्व स्वीकृत मिति: २०८१/११/२६
चलानी नं.: ६०२३४२८३
L.T. No.: 319997
शहर: DHABI
पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminum/Metal Door Maker | 11 | 0 | स. काममा दक्ष | 1200 | ४४,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ असार ११ गते (25 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

मध्यान्ह
www.madhyanhadaily.com



# ‘मन्त्रालय मातहत भएका कामको प्रगति चित्तबुझ्दो भएन’



**काठमाडौं/मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मन्त्रालय मातहत भएका कामको प्रगति चित्तबुझ्दो नभएको बताएका छन् ।

ऊर्जा मन्त्रालयमा मंगलबार भएको उच्च व्यवस्थापन समूह (एसएमटी) को बैठकमा मन्त्री खड्काले चालु आवको ११ महिना बितिसक्दा पनि मन्त्रालय र मातहतका निकायबाट चित्तबुझ्दो काम हुन नसकेको बताए ।

‘मन्त्रालय अन्तर्गतको प्रगति कम देखिँदा काम गर्ने कर्मचारी र काम नगर्ने कर्मचारी एउटै डालोमा परेको देखियो, हामी कर्मचारीलाई स्थायी सरकार भन्छौं, तर व्यवहारमा त्यो स्थायित्व देखिँदैन, कामलाई गम्भीरताका साथ लिनुहोस्, लक्ष्य प्राप्तिका लागि पुरस्कार र दण्डको व्यवस्था गरौं,’ मन्त्री खड्काले भने ।

पूर्वाधारसँग प्रत्यक्ष जोडिएको र टड्कारो रुपमा प्रगति भएको छ की छैन भनेर देखिने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय भएकाले प्रगति चित्त बुझाउने ठाउँ नभएको उनले उल्लेख गरे। मन्त्रालय र त्यसअन्तरगतका निकायमा देखिएको कामको ढिलासुस्तीबारे सचिवहरुले जानकारी लिएर ढिलासुस्ती अन्त्य गर्न लाग्नुपर्ने मन्त्री खड्काको भनाइ थियो ।

‘आफ्नो काम के हो, के उपलब्धि हासिल गर्न सकिन्छ, त्यसतर्फ सबै लाग्नुपर्छ, खर्च गर्न सकिँदैन भने बजेट किन माग्ने, के का लागि माग्ने?,’ उनले प्रश्न गरे । मन्त्रालय मातहत निकायको प्रमुख बन्न हानथाप गर्ने तर जिम्मेवारी पूरा नगर्ने प्रवृत्ति देखिएको भन्दै उनले चिन्ता व्यक्त गरे ।

मन्त्री खड्काले मन्त्रालय र यसअन्तरगतका निकायमा रहेको बेरुजुलाई समयमै फछ्र्यौट गर्न कर्मचारीलाई निर्देशन दिए । मन्त्रालय अन्तर्गतका निकायमा अर्थको तालमेल हुन नसकेको उनको भनाइ थियो ।


ऊर्जा राज्यमन्त्री खमबहादुर गर्बुजा उपस्थित रहेको उक्त बैठकमा ऊर्जा सचिव सुरेश आचार्यले आर्थिक वर्ष अन्त्य हुन लाग्दासमेत मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायमा चित्तबुझ्दो काम हुन नसकेको बताए ।

कार्यक्रममा जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडी, जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव दिनानाथ मिश्र, विद्युत् विकास विभागका महानिर्देशक नवीनराज सिंह, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जीव बराल, जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य, मन्त्रालयका सहसचिवलगायत सम्बन्धित निकायका उच्च अधिकारीको उपस्थिति थियो ।

बैठकमा मन्त्रालय र मातहतका निकायको चालु आवको जेठ मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति विवरण मन्त्री खड्कासमक्ष प्रस्तुत गरिएको थियो ।

# सबैको मन जित्न सफल उदाहरणीय योजना अधिकृत खनाल

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३ असार




शितगंगा नगरपालिका अर्घाखाँची भौगोलिक हिसाबले नेपालीको सबैभन्दा ठूलो नगरपालिकाको रुपमा परिचित स्थानीय तह हो । नगरपालिकामा दक्ष जनशक्तिको निकै अभाव रहेको भएपनि नगरपालिकाका केही कर्मचारीहरु रातदिन नभनी काममा खटिने गरेपछि नगरपालिकामा कामले गति लिने गरेको छ ।

नगरपालिकामा बिहान ७ बजेदेखि राति ९ बजेसम्म दैनिक बिदाको दिन समेत नगरपालिकाको योजनाहरुको काम गर्ने कर्मचारीको रुपमा परिचित व्यक्ति हुन् नगरपालिकाका योजना अधिकृत नुमलाल खनाल ।

शीतगंगा नगरपालिकाले संविधानले दिएको अधिकार प्रयोग गर्दै स्थानीय पूर्वाधार विकास, सेवाप्रवाह र अनुगमन तथा नियमनलाई प्राथमिकतामा राखेर कार्य सम्पादन गर्दै आएको योजना अधिकृत खनाल बताउँछन् । खनाल भन्छन्-‘स्थानीय पूर्वाधार विकासका सन्दर्भमा नगरपालिकाले तर्जुमा गरेको दशवर्षे आवधिक विकास योजना अनुसार वार्षिक बजेटमा पूर्वाधारका आयोजनाहरु समावेश गरी कार्यान्वयन गर्दै आएका छौं’ उनी थप्छन् ‘हामी दैनिक योजना अनुगमनमा समेत खट्ने गरेका छौं ।’

सेवा प्रवाहतर्फ १४ वडा कार्यालयबाट प्रशासनिक काम हुँदै आएको छ । योजनाहरु वडामा सम्झौता गर्ने, सबै वडामा एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने, योजनाको पारदर्शिताको लागि सार्वजनिक सुनुवाइ गर्ने, जनताका गुनासा अनुसार विकाश निर्माणका कामहरु गर्ने नगरपालिकाको नीति अनुसार कामलाई द्रुत गतिमा अगाडि बढाएको अधिकृत खनालको दाबि छ ।

नगरका १०९ वटा सामुदायिक विद्यालय र २ वटा सामुदायिक सिकाई केन्द्रबाट शिक्षा सम्बन्धी सेवा र ३७ वटा स्वास्थ्य संस्थाबाट स्वास्थ्य सँग सम्बन्धित विविध सेवाहरु प्रदान गर्दै आएको योजना अधिकृत खनालले जानकारी दिए ।

त्यसैगरी नगरपालिकाका १४ वटा विषयगत शाखाबाट समेत आ-आफ्नो विषयगत क्षेत्र अनुसार नीतिनिर्माण र कार्यान्वयन हुँदै आएको भएपनि भौगोलिक हिसाबले काम गर्न विकास गर्न समस्या हुने गरेको खनालले बताए । विकास निर्माणलाई तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्नगर्न नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत लगायत आवश्यकताअनुसार अन्य कर्मचारीहरुबाट समेत अनुगमनको काम निरन्तर गरिएको छ । कामको गुणस्तर कायम गर्न प्राविधिक कर्मचारीहरुलाई विशेष सचेत गराइएको छ भने अनुगमनका चरणमा समेत गुणस्तरमा ध्यान दिइएको छ। यसरी नगरपालिकाबाट प्रदान गरिने सबै किसिमका सेवाहरु सरल तथा प्रभावकारी ढंगबाट प्रदान गर्न नगरपालिकाले आफ्ना सम्पूर्ण संयन्त्र परिचालन गरी कार्य सम्पादन गर्दै आएको छ ।

नगरपालिकामा आन्तरिक स्रोतको सम्भावना धेरै भएपनि पैसा उठाउन समस्या छ। टेन्डर लगाएका खोलाहरुबाट नदीजन्य पदार्थ निकासी गर्न कपिलवस्तुको शिवराजले अवरोध गरेपछि विकासका कामहरु प्रभावित भएका छन् । नगरपालिका कामको हिसाबले योजना अधिकृत खनालको भरमा अगाडि बढेको छ। निकै सरल स्वभाव सबै सेवाग्राहीको मन जित्न सफल खनाललाई फाँटमा नदेखे सेवाग्राहीले उनलाई नै पर्खन्छन्। साविक जिल्ला विकासको कर्मचारीबाट स्थानीय तह बनेपछि शितगंगा नगरपालिकामा योजना अधिकृतको रुपमा समायोजन भएका अधिकृत खनाल जिल्लाबासीका लोकप्रिय अनुभवी कर्मचारीको रुपमा परिचित छन् ।

# दित्तेलमा म.ले.प फाराम नै नभरी सवारीसाधन मर्मत, इन्धनमा १ करोड बढी खर्च

**दिवस रिजाल/मध्यान्ह**
दित्तेल, ३ असार



दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाले म.ले.प फाराम नै नभरी सवारी साधन मर्मत तथा इन्धनमा १ करोड बढी खर्च गरेको पाइएको छ ।

महालेखा परिक्षकको आ.व २०८०/८१ को प्रतिवेदन अनुसार यस नगरपालिकाले सवारी साधन मर्मत तथा इन्धनमा म.ले.प फाराम नै नभरी १ करोड बढी खर्च गरेको भनी उल्लेख गरेको हो ।

महालेखा परीक्षकको कार्यालयले एकीकृत आर्थिक संकेत, वर्गीकरण व्याख्या २०७४ मार्फत सम्पूर्ण सरकारी कार्यालयलाई महालेखा परीक्षकबाट स्वीकृत म.ले.प फारामको प्रयोग अनिवार्य गर्नुपर्ने व्यवस्था गरेको छ, तर यस नगरपालिकाले कार्यालय प्रयोजनको लागि सवारी प्रयोग कर्ताको विवरण र सवारी गुडेको किलोमिटर देखिने विवरण उल्लेख गरी म.ले.प फारम ९०५ बमोजिम सवारी साधन सञ्चालनको लगबुक राखेर भुक्तानी नगरेको महालेखाको ठहर छ । जसअनुसार इन्धनमा मात्रै ४६ लाख ६७ हजार खर्च वास्तविक र एकिन गर्न नसकिएको महालेखाको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

यसैगरी मर्मत सम्भारमा पालिकाले म.ले.प फाराम ४१५ बमोजिम सवारी साधन र मेसिनरी मर्मतको फाराम ४१४ नै नराखी सवारी साधन मर्मत तथा मेसिनरी औजार मर्मत तथा सञ्चालनमा ६१ लाख ६ हजार खर्च गरेको छ । स्वीकृत म.ले.प फारामको प्रयोग गरी खर्चमा मितव्यापिता अपनाइ सवारी साधन मर्मत गर्नुपर्ने महालेखाको भनाइ छ ।

त्यसैगरी पालिकाले बैठक भत्ता,अनुगमन तथा भ्रमण खर्च,कर्मचारी प्रोत्साहन तथा इन्धन र विविधमा २ करोड ११ लाख ४५ हजार रुपैयाँ खर्च गरेको छ। यो कुल चालु खर्चको ३.५२ प्रतिशत हो ।

# सिंजा गाउँपालिकाका ६ वटा स्वास्थ्य संस्था पोषणमैत्री घोषणा

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ३ असार



जुम्लाको सिंजा गाउँपालिकाका ६ वटा स्वास्थ्य संस्थालाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको छ। गाउँपालिका, वडापालिका तथा स्वास्थ्य शाखाको पहलमा एकैदिन ती संस्थाहरुलाई पोषणमैत्री घोषणा गरिएको हो । स्वास्थ्य संयोजक ललितबहादुर रोकायाका अनुसार पोषणका आधारभूत सूचकहरूमा प्रगति भएपछि ती स्वास्थ्य संस्थाहरूलाई पोषणमैत्री घोषणा गरिएको हो। उनका अनुसार वडा नम्बर ३ को नराकोट स्वास्थ्य चौकी, वडा नम्बर १ को धापा स्वास्थ्य चौकी, वडा नम्बर ५ को शनिगाउँ स्वास्थ्य चौकी, वडा नम्बर २ को बिष्टबाडा आधारभूत स्वास्थ्य केन्द्र, वडा नम्बर ४ को देविडाडा आधार भूत स्वास्थ्य केन्द्र र वडा नम्बर ६ को दातमा आधारभूत स्वास्थ्य केन्द्र पोषणमैत्री घोषणा भएका छन्।

त्यस्तै घोषणा कार्यक्रममा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धिताल, उपाध्यक्ष सितली रोकाया, प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर शाही, वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, स्वास्थ्यकर्मीहरू तथा साझेदार निकायका प्रतिनिधिहरू सहभागी थिए।

स्वास्थ्य संयोजक रोकायाका अनुसार आधारभूत पोषण सूचकहरूमा मेहनत पूर्वक कार्य भएको हो । सबै संस्था पोषणमैत्री घोषणा भएपछि आगामी असार ९ गते सिंजा गाउँपालिकालाई नै ‘पोषणमैत्री गाउँपालिका’ घोषणा गर्ने तयारी गरिएको छ । सो अवसरमा पोषण प्रदर्शनी मेला समेत आयोजना गरिनेछ । यस अभियानमा प्लान नेपाल र पेस नेपालजस्ता साझेदार संस्थाहरूले लामो समयदेखि सहयोग गरिरहेका छन् ।

शनिगाउँ स्वास्थ्य केन्द्रमा आयोजित कार्यक्रममा अध्यक्ष धितालले पोषण मानव जीवनसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएकाले गाउँपालिकाले पोषणलाई उच्च प्राथमिकता दिएको बताए। उनले अभियानमा सक्रिय स्वास्थ्यकर्मीहरू तथा साझेदार निकायलाई धन्यवाद समेत दिए । गर्भवती महिलाको नियमित जाँच, आयरन र फोलिक एसिड चक्की सेवनको प्रतिशत, स्वास्थ्य संस्थामा सुत्केरी गराउने दर, जन्मेको एक घण्टाभित्र स्तनपान सुरू गर्ने शिशुहरूको संख्या, भिटामिन ‘ए’ क्याप्सुल वितरण, बालबालिकाको नियमित वृद्धि अनुगमनजस्ता सूचकहरूमा लक्ष्य पुरा भएपछि ती संस्था पोषणमैत्री घोषणा भएका हुन्।


## हिमा गाँउपालिका
## गाउँ कार्यापालिकाको कार्यालय

**कालिकाखेतु, जुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

**आशयको सूचना गरिएको सम्बन्धमा ।**

**सूचना प्रकाशित मितिः २०८२-०३-०४**

यस हिमा गाँउपालिकाबाट मिति २०८२/०१/१६ मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार (Hima Rural Municipality Administrative Building Construction HRM/NCB/W/BLDG/2081/82/05) निर्माण कार्यको बोलपत्र आह्वान सूचना प्रकाशन गरिए अनुसार रितपूर्वक पर्न अएका बोलपत्रदाताहरुको प्राविधिक र व्यापारिक पक्षको मूल्याङ्कन गर्दा सफल भएका निम्न बमोजिमका बोलपत्रदाताहरुको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र. स. | छनौट भएका वोलपत्रदाताहरु विवरण |
|---|---|
| १ | Bijayee-Chamunda-P.T.R. J.V. Kageshwori Manohara, Kathmandu, Nepal |
| २ | Purna Nirman Sewa Gotri- 04, Bajrtra |
| ३ | Sang Dorje Nirman Sewa PVT.LTD Themal-05 Kavrepalplancjowk- |
| ४ | BNS-GNS-PNS JV Mahat-6, Jumla |
| ५ | Neupane Nirman Sewa Phukot-6 Kalikot |
| ६ | Naya Nepal – BRC – Lokmani Joint Venture Dhangadi Kailali |
| ७ | BAABPL/LCPL/Damaru Joint Venture. Baudha-6, Kathmandu Nepal |
| ८ | SC/SNS J.V. Nepalgunj-12, Banke |

**प्रमुख प्रशासकीय अधिकृत**



## गैर बैकिङ्ग सम्पत्ति लिलाम बिक्रि सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८२/०३/०४)**

यस बैंकको नाममा रहेको तपशिलको गैर बैकिङ्ग सम्पत्ति हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा विक्री गरिने भएको हुँदा खरिद गरी लिन इच्छुक व्यक्ति वा संघ/संस्थाले यो सुचना प्रकाशित मितिले ७ दिनभित्र यस बैंकको शाखा कार्यालय बानेश्वर वा केन्द्रिय कार्यालयमा आईपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.वि.स | वडा नं./सिट नं. | कित्ता नं. | क्षेत्रफल/व.मी. | कैफियत |
|---|---|---|---|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | काठमाडौं | का.म.न.पा. | १०<br>१०२११८७०२ | ४९४ | १-१४-०-० | सो जग्गामा बनेको भवन र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत |
| | | | १०<br>१०२११४७२२ | ३२९ | ०-२-०-० | |
| | | | १०<br>१०२११८७०२ | ५०२ | ०-३-०-० | |
| | | | १०<br>१०२११४७२२ | ३२१ | ०-४-०-२ | |

**गैर बैकिङ्ग सम्पत्ति लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरु बाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं. **००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै उल्लेखित शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) लिलाम सूचना प्रकाशित मितिले ७ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिने छ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको केन्द्रिय कार्यालयमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ ।

(१०) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(११) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National Co-operative Bank Limited (NCBL) | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web www. ncbl.coop

मध्यान्ह
www.madhyanhadaily.com
४ असार २०८२ बुधबार
18 June 2025, Wednesday

## सम्पादकीय

# दुई बुँदेप्रति शंका हटाऊ !

प्रतिनिधि सभाको अवरोध हटाउन सत्तारूढ शक्तिसँग गरेको दुई बुँदे सहमतिका कारण विपक्षी दलहरूले सार्वजनिक आलोचना खेप्नु परिरहेको छ । प्रमुख विपक्षी नेकपा माओवादी केन्द्रकै वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले दुई बुँदे सहमतिप्रति सार्वजनिक असन्तुष्टि जनाएकाले पनि आलोचना बढेको बुझ्न सकिन्छ । श्रेष्ठकै बाटो समातेर माओवादीभित्रै दुई बुँदेप्रति असन्तुष्टि बढेको छ । माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सहितका विपक्षी नेताहरूले चाहिँ दुई बुँदे सहमतिलाई अनावश्यक शंका नगर्न सार्वजनिक आग्रह गरिरहेका छन् । प्रचण्डले दुई बुँदे सहमति सोचीविचारीकन लिइएको प्रष्टोक्ति दिदैं हिडेका छन् । प्रतिनिधि सभा बैठक सम्बोधनका क्रममा माओवादी नेताहरूले सार्वजनिक रूपमा गरिएको शंका गलत भएको बताएका छन् । उपमहासचिवद्वय वर्षमान पुन र शक्ति बस्नेतले सार्वजनिक शंकाको खण्डन गरेका हुन् ।

खण्डन गरिएको तर्क अनुसार दुई बुँदे सहमति माओवादीका तर्फबाट गृहमन्त्री बनेकाहरूमाथि छानबीनको भयका कारण गरिएको होइन । सँगै पार्टी उपाध्यक्ष एवं पूर्व सभामुख अग्निप्रसाद सापकोटा पक्राउ पर्ने डरले पनि सरकारसँग सहमति भएको होइन । द्वन्द्वकालीन मुद्दामा सर्वोच्च अदालतले सापकोटामाथि अनुसन्धानको बाटो खोल्नेगरी आदेश दिएको छ । यस्तो आदेश आएको केही दिनभित्रै माओवादीले दुई बुँदे सहमति मार्फत् संसद् अवरोधको अडान छोड्ने निर्णय लियो । माओवादीले आफू सहित एकीकृत समाजवादी, आम जनता पार्टी र नेपाल समाजवादी पार्टीलाई पनि संसद् अवरोधको अडानबाट पछि हट्न सहमत गराएको थियो । तर रास्वपा र राप्रपाले संसद् अवरोधको अडान छोडेका छैनन् । यसर्थ पनि दुई बुँदेप्रति शंका गरिएको प्रष्ट छ ।

संसद्को अवरोध हटाउने जस्तो निर्णय हुँदा पनि आलोचना हुनुमा दुई बुँदेकै अन्तर्वस्तुले काम गरेको लुक्दैन । उक्त दुई बुँदेमा भिजिट भिषा प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सहयोग गर्ने र यसको दीर्घकालीन समाधानका लागि उपयुक्त निर्णय लिने उल्लेख छ । सार्वजनिक चर्चा भए जस्तो छानबीन समितिबारे प्रक्ष्ट कुरा दुई बुँदेमा लेखिएको छैन । त्यसैले पनि विपक्षीहरूविरूद्ध सार्वजनिक आलोचना भइरहेको छ । एकहदसम्म यो स्वभाविक पनि हो । गृहमन्त्री जस्तो व्यक्ति कुनै अपराध वा भ्रष्टाचारजन्य प्रकरणमा जोडिएर प्रचार भइसकेपछि त्यसको चित्तबुझ्दो जवाफ आमसाधरणलाई दिनुपर्छ । सुशासनको प्रत्याभूतिका निम्ति पनि यो विपक्षीहरूको माग चित्तबुझ्दो विधि मार्फत् सम्बोधन गरिनुपर्छ । तर उल्टै विपक्षीहरूले पहिले राजीनामा माग्ने अनि पछि कुनै प्रष्ट सहमति बिना अवरोध हटाउँदा शंका उत्पन्न हुन पुगेको छ । यसतर्फ सत्ता र विपक्षी नेतृत्वले गम्भीर भएर सोच्न जरूरी छ ।

# झोले : शब्दार्थ विमर्श

अग्रलेख



● प्रा.डा. बद्री विशाल पोखरेल



हरेक २ कोसमा पानी फरक हुन्छ र हरेक ४ कोसमा भाषा नै भिन्न हुन्छ । परिवर्तनशील यस दुनियाँमा शब्द र यसको अर्थ र तात्पर्यमा परिवर्तन भइरहेको हुन्छ । उहिले तिलको मात्र तेल बुझिन्थ्यो, अहिले त भुस आदिको तेल भन्ने गरेर अर्थ विस्तार भएको छ । 'गु' अर्थात् अन्धकारबाट 'रू' उज्यालोतिर उन्मुख गराउने गुरूको महान् अर्थ अहिले अपव्याख्या गरिएको छ र ए, गुरू भात पकायौं ? ए गुरूजी, गाडी कतिखेर गुडाउने हो भनिन्छ । रस शब्दको सामान्य अर्थ झोल वा तरल पदार्थ हो, तिहुन तरकारीको झोल हो । तर, उही रस शब्दको प्राविधिक र पारिभाषिक शब्दार्थ कला साहित्यका सन्दर्भमा श्रृंगार, वीर र करूणाजस्ता साहित्यिक रस वा भावहरूको परिपक्व अवस्था हो । एउटै शब्दलाई पनि कुन सन्दर्भ र प्रसंगमा प्रयोग गरिन्छ,त्यस अनुसार शब्दको अर्थ निश्चित हुन्छ ।

एउटै शब्दको विभिन्न प्राविधिक सन्दर्भमा प्रयोग गर्दा त्यसका फरक अर्थ निर्धारित वा व्याख्यायित हुन्छन् र गरिन्छन् । त्यसैले इतिहास र जनप्रशासन क्षेत्रमा प्रयोग गरिने अभिलेख शब्दका भिन्न-भिन्न अर्थ लगाइन्छ । इतिहास र पुरातत्वका सन्दर्भमा अनुसन्धान र अध्ययनको विशिष्ट सामग्री भन्ने बुझिन्छ भने जनप्रशासनमा रेकर्ड भन्ने भिन्न अर्थ बोध हुन्छ ।

जीवन जगत् सम्बन्धी दर्शनका सर्जक वा निर्माता वरिष्ठ चिन्तक विद्वान् हुन् । अध्यात्मवाद, भौतिकवाद र द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद र प्रजातान्त्रिक समाजवाद आदि दर्शनका प्रणेता कुनै सामान्य मानव थिएनन् । तिनको यस संसारमा उच्च र उदात्त भूमिका र महत्व रहेको छ । तिनै दर्शनका प्रकाश र प्रभावमा विभिन्न राजनीतिक प्रणालीहरू सुरू र विकसित भएका हुन् । तिनै दर्शन, दृष्टिकोण र मान्यतामा आधारित भएर राजनैतिक पार्टीका विभिन्न र मौलिक पहिचान बनेका र बनाइएका हुन् । विभिन्न रंग, आकार, प्रकारका पार्टी झन्डाहरूले उपर्युक्त कुरालाई प्रमाणित गर्छन् । तर, राजनीतिलाई गन्दा खेल भन्ने गलत भाष्य बन्यो, बनाइयो । लोकतान्त्रिक जनतान्त्रिक पार्टी र पद्धति स्वयं विकृत होइन । पार्टी राजनीति फुटबल खेलजस्तो हो । खेलाडीका कारण फुटबल खेल रफ, विकृत र गलत हुन्छ र हुनसक्छ तर स्वयं फुटबल वा राजनीति गलत होइन भन्ने भाष्य विस्तार गर्न सकिएको छैन । अनि यही विकृत भाष्यका कारण कुनै न कुनै पार्टीसित व्यक्ति आवद्ध हुने कुरालाई अवहेलना गर्न खोजिएको देखिन्छ । असंगठित हुनुभन्दा संगठित हुनु जाती कुरा हो । 'संघे शक्ति कलौ युगे' अर्थात् संगठित शक्ति नै बलवान् हुन्छ, एक थुकी सुकी सय थुकी नदी हुन्छ । कुन पार्टी सही र जगत हो भन्ने कुरा आफूले विचार गर्ने कुरा हो । तर पार्टीमा आबद्ध हुने कुरा स्वयं नजाती होइन ।

राजनीति जेठो नीति हो । यसैका आधारमा देशको सबै क्षेत्र परिचालित हुन्छ । राजनीतिलाई सच्याउन पनि राजनीतिमै प्रवेश गर्नुपर्छ । त्यहीँभित्र पसेर लडाइँ लड्नुपर्छ । जननेता मदन भण्डारीले जनपक्षीय पञ्चका रूपमा पञ्चायतभित्र प्रवेश गर्नुपर्छ भन्दा उतिबेलाका क्रान्तिकारी सबै नेता मदनका विरूद्ध उभिए, अनि मदनले राम्ररी सम्झाउँदै पञ्चायतको भुँडीमा प्रवेश गर्ने र भुँडी भित्रैबाट लात्ताले हानेर पञ्चायतको अन्तर्ध्वंश गर्ने कुरा सविस्तार बताउनु भएको थियो । यसलाई अझ छर्लङ्ग पार्न एउटी आमाको गर्भमा रहेको ७/८ महिनाको बालकले आमाको भुँडीभित्रबाट लात्ताले हानेको उदाहरण दिनु भएको थियो । त्यसैले राजनीति र राजनीतिक पार्टी तथा नेताका बारेका तमाम गलत भाष्य विरूद्ध व्यवहारतः बौद्धिक आँधीबेहरी सिर्जना गर्नुपर्छ र यसभित्रका तमाम विकृति र विसंगतिलाई हटाउन लागि पर्नुपर्छ । अझ आम र तमाम श्रमजीवी जनताको भाग्य भविष्य निर्माण गर्ने राजनीतिक कर्म र कर्मीलाई झोले भनेर हियाउने प्रवृत्तिविरूद्ध तर्क र तथ्यसहित खण्डन गर्नुपर्छ ।

बौद्धिक र प्राज्ञिक व्यक्तित्वले राजनीति गर्नु हुँदैन भन्ने कुरा पनि बारबार आउने गर्छ । चाणक्यले राजनीतिमा चासो नराखेको भए, भारतीय राजनीतिको अवस्था कस्तो हुन्थ्यो होला ? एउटा छलफलको विषय हो । त्यसैले सक्रिय राजनीति गर्ने/नगर्ने व्यक्तिको स्वैच्छिक विषय हो, तर राजनीतिमा बौद्धिक र सचेत समुदायले गम्भीर चासो राख्नैपर्छ र पार्टीभित्रका विकृति सच्याउने हो भने सक्रिय राजनीतिमा भाग लिनै पर्छ । किनकि घरको बरन्डामा कसेर पार्टीभित्रको संगति र विसंगति थाहा पाइन्न । पार्टीभित्र वा घरभित्रका चुल्हा चौकामा पसेर मात्र यथार्थ र वास्तविकता थाहा पाइन्छ र त्यहीभित्र पसेर लड्नु पनि पर्छ । राजनीति दिशाहीन हुन थाल्यो भने उचित दिशाहीन हुन आँट्यो भने त्यसलाई जसरी पनि तह लगाउनै पर्छ । कतिपय मार्क्सवादी प्रबुद्ध स्रष्टा, द्रष्टा, व्यक्ति र व्यक्तित्वहरू अहिलेको राजनीतिक विकृतिबाट असाध्यै खिन्न र दुःखित देखिन्छन् । तिनमा आफूलाई कुनै राजनीतिक र राजकीय उच्च पद नपाएकामा खास गुनासो छैन तर खुसामद गर्नेहरूले बारबार मौका पाउने र तिनैका कारण पार्टीसमेत लाञ्छित भएकामा गम्भीर गुनासो रहेको थाहा भयो । पार्टीका चरम विकृतिबारे नेपाल बुद्धिजीवी परिषद्को ११ राष्ट्रिय सम्मेलनको प्रतिवेदनमा नै उल्लेख गरिएको रहेछ । यिनै विकृत परिस्थिति देखेर प्रथम महिला राष्ट्रपति विद्या भण्डारी एमालेको सक्रिय राजनीतिमा आउन बाध्य भएको अवस्था देखिन्छ । भण्डारी रहरले र लहडले होइन ओलीपछिको एक अब्बल, अन्तर्राष्ट्रिय ख्याति कमाएको र जबजको जिन भएका नाताले सक्रिय राजनीतिमा आउन बाध्य भएको देखिन्छ । तमाम नेता र कार्यकर्ताहरूमा जबजअनुसारको कृतित्व, चरित्र, चिन्तन, व्यवहार तथा आर्थिक नैतिक जीवन आदर्श हुने हो भने कसैले पनि झोले भन्ने हिम्मत नै गर्दैन र भनिहाल्यो भने भन्नेलाई नै जन समाजले तिनलाई लोप्पा खुवाउँछ । त्यसैले हजार सिद्धान्तभन्दा एउटा व्यवहार धेरै माने र महत्वको हुन्छ भनिएको हो ।

> *विरोधीहरूले 'झोले' शब्दलाई चरम रूपमा हियाउने जुन खालको अभियान चलाएका छन्, त्यसलाई निस्तेज गर्ने गरी झोले शब्दको अर्थ र आशयलाई प्राविधिक अर्थ प्रदान गरी शिष्ट र शालीन बनाउनुपर्छ । भोलिका दिनमा शब्दकोशमा झोले शब्दको विशिष्ट अर्थ कोशकारले नै शब्दकोशमा राख्नेछन्...*

शब्दका अभिधा, लक्षणा र व्यञ्जना जस्ता अर्थ हुन्छन् । शब्दले दिने सोझो अर्थलाई अभिधा भनिन्छ । बुढी खोलामा घर छभन्दा अभिधार्थबाट खोलाभित्रै घर छ भन्ने बोध हुँदैन । त्यसैले बूढीखोलाका छेउ वा किनारमा घर छ भन्ने जुन अर्थ बोध हुन्छ, त्यसलाई लक्षणा भनिन्छ तर त्यही बूढी खोलमा घर छ भन्ने शब्दले बूढीखोलाका छेउको हरियाली, शीतल, शान्त र मनोहर स्थानमा घर छ भन्ने अर्थलाई व्यञ्जनार्थ भनिन्छ । यत्ति कुरा पनि नजानेर अधिकांश नेताहरू भौंतारिएको देख्दा सरम लाग्छ । गुरूको पनि गुरू हुनु पर्ने नेता प्रबुद्ध चेलासम्म बन्न सकेको देखिन्न । भाषा र वाणीका विविध बाना, बान्की, प्रकार र शैली शिल्प नै नबुझ्ने नेताको ताँती अहिले देखिन्छ । यसैले जननेता मदन भण्डारीले भूमिगत कालमा नेताहरूलाई कविता लेख्न सिकाउनु हुन्थ्यो । यसको अर्थ कम्तीमा माले वा एमाले नेताहरू कविको कर्म र भाषा शैली बुझ्नसम्म सकुन् भन्ने भावना भण्डारीको रहेको थियो । पुष्पलाल औपचारिक शिक्षामा उपल्लो स्तरको नभए पनि कला,साहित्य,संस्कृति दर्शन आदि विविध विषयमा विद्यावारिधि प्राप्त गुरूलाई समेत मार्क्सवादी सही धारका आधारमा कुनै पनि विषयको सही मूल्यांकन गर्ने ज्ञान दिन सक्नु हुन्थ्यो । शब्द प्रयोगको परम्परा र अभ्यास के कस्तो छ भन्ने कुराले पनि अर्थमा निक्कै प्रभाव पर्छ । झोले शब्द प्रायः मार्क्सवादी, अझ एमाले र लोकतान्त्रिक पार्टीका नेता र कार्यकर्ता लाई लाञ्छित गर्ने उद्देश्यबाट प्रयोग गरिएको देखिन्छ । किनभने पार्टीमा पूर्णकालीन संगठित र निरन्तर पार्टीका अनेक काममा लागिरहने कार्यकर्ता र नेता रहेका हुन्छन् र अझ परम्परागत पार्टी शिक्षण सिकाइका कारण पार्टी र नेताकै गलत गतिविधि र क्रियाकलापका बारेमा बोल्नै नपाइने कुरा कार्यकर्ता नै गर्छन्, तर जबजको शिक्षण सिकाइ पार्टी र नेतालाई सुधारात्मक खालका बौद्धिक वैचारिक लेख, टिप्पणी अन्तर्वार्ता दिन पाइन्छ । यसैले जबजले प्राज्ञिक स्वतन्त्रताको पक्षपोषण गरेको हो । सकेसम्म असन्तुष्टि पार्टीभित्रै राख्ने कुरा त हो तर त्यस खालको अवसर नपाएको तीतो अनुभव पनि छ । टोपबहादुर रायमाझीका बारेमा बेलैमा बोल्न पाएको भए एक होनहार व्यक्ति बिग्रने थिएनन् । नेताका कमजोरी धेरै छन् । अधिकांश चामल बेच्न पनि जान्दैनन् । यति कुरा पार्टीभित्रै भन्न नपाएपछि कतै न कतैबाट नेता सुध्रियुन भनेर बोल्न बाध्य स्थिति छ ।

शब्द प्रयोग र अर्थ सन्दर्भका बारेमा अत्यधिक नेता अलमल्ल देखिन्छन् । एक समय वामपन्थ बाम दिशातिर बस्नेलाई भनिन्थ्यो तर समयक्रममा यसको प्रयोग कम्युनिस्ट शब्दकै समानार्थी बनेको छ । जनवाद डेमोक्रसीकै अनुवाद हो । तर, उक्त शब्दले जनताको राजनीतिक र आर्थिक दुवै अधिकार सहितको अर्थ बोध गराउँछ । त्यसले राजनीतिक अधिकार मात्र जनाउँदैन । नयाँ जनवाद पनि सारमा न्यू डेमोक्रेसीभन्दा भिन्न छ । अर्धसामन्ती अवस्थाको मुलुकमा कसरी नयाँ जनवादी क्रान्ति गर्ने र मित्र शक्तिहरूको खोजी र गोलबन्द गरी देशको आर्थिक औद्योगिक तथा कृषिजन्य उद्योग, उपार्जन र उत्पादन व्यापक गर्ने दिशामा केन्द्रित गर्ने शब्दावली हुन् । त्यसैले झोले शब्दलाई प्राविधिक वा पारिभाषिक अर्थ प्रदान गर्नुपर्छ । सामान्य अर्थ बोध गराउने रस शब्दलाई प्राविधिक र पारिभाषिक अर्थ प्रदान गरे जस्तै गर्नुपर्छ । विरोधीहरूले 'झोले' शब्दलाई चरम रूपमा हियाउने जुन खालको अभियान चलाएका छन्, त्यसलाई समेत निस्तेज गर्ने गरी झोले शब्दको अर्थ र आशयलाई प्राविधिक अर्थ प्रदान गरी शिष्ट र शालीन बनाउनुपर्छ । भोलिका दिनमा शब्दकोशमा झोले शब्दको विशिष्ट अर्थ कोशकारले नै शब्दकोशमा राख्नेछन् । व्यापक प्रचलनमा आएपछि शब्दको उचित अर्थ र सन्दर्भ स्थापित हुन्छ । तसर्थ, यस शब्दको बराला अर्थ प्रदान गर्नेहरूलाई सही अर्थ बताएर तिनलाई पनि उचित दिशा निर्देश गर्नुपर्छ ।

**(लेखक, मदन भण्डारी फाउन्डेसनका केन्द्रीय सदस्य हुन् ।)**

## इतिहासमा आज

१८ जुन १९८३ मा अन्तरिक्ष यान कार्यक्रम एसटिसी-७ अन्तरिक्ष यात्री स्याली राइड अन्तरिक्षमा जाने पहिलो अमेरिकी महिला बनिन् ।



१८ जुन २००९ मा नासाको रोबोटिक अन्तरिक्षयान लुनार रिकनेसान्स अर्बिटर प्रक्षेपण गरिएको थियो ।



१८ जुन २००७ मा दक्षिण क्यारोलिनाको चार्ल्सटनमा चार्ल्सटन सोफा सुपर स्टोरमा आगलागी भएको थियो । जसमा ९ जना अग्नि नियन्त्रकहरूको मृत्यु भएको थियो ।



१८ जुन १९९८ मा क्यानडाको क्युबेकमा रहेको मोन्ट्रियल-मिराबेल अन्तर्राष्ट्रिय विमानस्थल नजिकै प्रोपेयर उडान ४२० दुर्घटनाग्रस्त भएको थियो । जसमा सवार ११ जनाको मृत्यु भएको थियो ।




## सामाजिक सञ्जाल



**भीमार्जुन आचार्य**

सरकारको छाया बनिरहेको संसद्लाई थोरै भए पनि संसद्कै अनुभूति दिलाउन रास्वपाले गरेको प्रयास सराहनीय छ । संसद् पूर्णतः जनताको सार्वभौम प्रतिनिधि र प्रतिबिम्ब हो । सरकारप्रति संसद् नभई संसद्प्रति सरकार सम्पूर्णरूपमा जबाफदेही हुनुपर्छ । सरकार/मन्त्रीहरूको अहंकार र दम्भ तोड्न सफलता मिलोस् ।




**अशोक कुमार खड्का**

रास्वपालाई ओली, प्रचण्डको काखमा भन्दा रोस्टमअघि भूईंमा बसेको सुहायो । चेत केही ढिलो खुल्यो, तर जनतालाई बाचा गरेअनुसार खुल्यो । भलै भूईंमा बसेरै किन नहोस्, जनताको मुद्दामा एक्लै भए पनि उभिनु, जनता सधैं साथमा छन् ।



**कृष्ण घिमिरे**

विदेशीबाट लिइएको ऋणबाट ल्याइएको बजेट पार्टी कार्यालयलाई छुट्याउनु भ्रष्टाचार हो- प्रेम सुवाल । बिलकुल सही विचार । संसद्को सदाबहार जनताको कुरामा अडिग सशक्त एकल प्रतिपक्ष प्रेम सुवाल हुन् । आवाज एकल होला, पाखण्डको मझेरीमा पीडित होला, तर इतिहासमा दरिन्छ बलियोसँग । जय होस् ।



**किशोर नेपाल**

आफ्नै देशमा बिजुलीको आपूर्ति चञ्चल भएको समयमा बंगलादेशलाई बिजुली बेचेर नेपालले कमाल गरेको छ । भारत-बंगलादेशको सम्बन्ध असामान्य ढंगले तीतो रहेको समयमा भारतले उपलब्ध गराएको विद्युत् मार्ग कति बेला पहिरोमा पर्ने हो ? भन्न कठिन छ ।

# मार्क्सवादी दर्शनको जग

विचार



● मोहम्मद जाकिर हुसैन

> *मार्क्सको एउटा चर्चित भनाइ छ- मानिसहरूको चेतनाले होइन, उनीहरूको सामाजिक अस्तित्वले चेतनालाई निर्धारण गर्छ । यसको मतलब समाजमा विचार, धर्म, राजनीति आदि सुपर स्ट्रक्चरभन्दा आर्थिक अवस्था नै प्रमुख कारक हो जसले अन्य सबै कुरा निर्धारण गर्छ...*

मार्क्सवाद एक सामाजिक, राजनीतिक र आर्थिक सिद्धान्त हो, जसले समाजको संरचना र परिवर्तनको अध्ययन गर्दछ । यसका प्रमुख संस्थापक जर्मन दार्शनिक र अर्थशास्त्री कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स हुन् । उनीहरूका संयुक्त कृति कम्युनिस्ट म्यानिफेस्टो सन् १८४८ ले मार्क्सवादको आधारशिला खडा गरेको थियो । यस सिद्धान्तले वर्ग संघर्ष, ऐतिहासिक भौतिकवाद र श्रमिक वर्गको मुक्ति जस्ता अवधारणाहरूलाई प्रमुख बनाएको छ ।

मार्क्सको एउटा चर्चित भनाइ छ- मानिसहरूको चेतनाले होइन, उनीहरूको सामाजिक अस्तित्वले चेतनालाई निर्धारण गर्छ । यसको मतलब समाजमा विचार, धर्म, राजनीति आदि सुपरस्ट्रक्चरभन्दा आर्थिक अवस्था नै प्रमुख कारक हो जसले अन्य सबै कुरा निर्धारण गर्छ । यसले विचार, भावना वा चेतनालाई मुख्य मान्छ । यो आदर्शवाद हो जुन दर्शनमार्फत भन्छ कि विचार वा चेतनाले नै वास्तविकता निर्माण गर्छ । यसमा विश्वास गरिन्छ कि चेतना वा विचारहरू नै सबै वस्तुहरू र समाजको उत्पत्तिको मूल हुन् । मार्क्सवादले यस दृष्टिकोणलाई अस्वीकार गर्छ ।

यो सिद्धान्तलाई ऐतिहासिक भौतिकवाद भनिन्छ, जसले समाजको विकास र परिवर्तनलाई बुझ्ने वैज्ञानिक तरीका प्रदान गर्दछ । मार्क्स र एङ्गेल्सका अनुसार समाजको रूपान्तरण मुख्य रूपमा उत्पादन सम्बन्ध र आर्थिक संरचनाबाट निर्धारित हुन्छ । मार्क्सवादको सिद्धान्तअनुसार समाजको विकास र परिवर्तनको मूल तत्व चेतना वा विचार नभई भौतिक अवस्था पदार्थ हो । त्यसैले मार्क्सवादले चेतना वा विचार प्रधानता होइन, पदार्थ प्रधानतालाई वैज्ञानिक सत्य ठान्दछ ।

मार्क्सवादी दृष्टिकोणमा चेतना र विचार दुवै सुपरस्ट्रक्चरअन्तर्गत पर्दछन् जुन आर्थिक आधारबाट निर्धारित हुन्छ । मार्क्सको भनाइ छ, 'मानिसको चेतनाले उसको अस्तित्व निर्धारण गर्दैन, बरु उसको सामाजिक अस्तित्वले चेतना निर्धारण गर्छ ।' यस अर्थमा चेतना वा विचारहरू स्वतन्त्र रूपमा उत्पन्न हुँदैनन् । ती समाजका भौतिक अवस्था, उत्पादन सम्बन्ध र वर्ग संरचनाअनुसार विकास हुन्छन् ।

मार्क्सवादले चेतना (विचार)लाई मुख्य शक्ति मान्ने आदर्शवादको विरोध गर्छ । मार्क्सवादअनुसार मानव इतिहासको मूल प्रेरणा वर्ग संघर्ष, उत्पादनका साधनहरूमा भएको परिवर्तन र आर्थिक सम्बन्धहरूमा आएको टकराव हो । चेतना वा विचारहरू ती भौतिक अवस्थाको प्रतिबिम्ब मात्र हुन्, कुनै स्वायत्त शक्ति होइनन् ।

मार्क्सवादले चेतना र विचारलाई द्वितीयक मान्दछ र भौतिक अवस्था वा उत्पादन प्रणालीलाई प्राथमिक शक्ति मान्दछ । यस मार्क्सवादी दर्शनअनुसार मानव इतिहासको विकास कुनै देवी-देवताको विचार वा महान् व्यक्तिको दर्शनबाट होइन, बरु उत्पादनका साधनहरूमा भएको परिवर्तन, वर्ग संघर्ष र भौतिक अवस्था (जस्तै : भूमि, श्रम, औद्योगिक विकास) बाट निर्देशित हुन्छ । जब उत्पादन प्रणाली परिवर्तन हुन्छ, तब त्यसले समाजको संरचना, राज्य, कानुन, धर्म र संस्कृति जस्ता पक्षहरूमा पनि गहिरो असर पार्छ । यसरी मार्क्सवादी दर्शनमा भौतिक प्रधानता नै वैज्ञानिक र व्याख्यात्मक दृष्टिकोण हो जुन समाजलाई व्यवहारिक रूपमा विश्लेषण गर्न प्रयोग गरिन्छ ।

मार्क्सवादी दर्शनमा पदार्थ भन्नाले केवल आँखाले देखिने वस्तु मात्र होइन यसले सबै भौतिक यथार्थलाई जनाउँछ जसले मानव जीवन, समाज र इतिहासलाई बनाउँछ, प्रभावित गर्छ र परिवर्तन पनि गर्छ ।

पदार्थ/भौतिक वस्तुहरू विचारको उपज होइनन्, बरु ती स्वतन्त्र रूपमा अस्तित्वमा हुन्छन् । उदाहरण : जमिन, पानी, खाद्यान्न, कारखाना, श्रम, सीप आदि विचार होइनन्, यथार्थ हुन् । पदार्थले चेतना, विचार, धर्म र संस्कृति आदि निर्माण गर्छ । मानव चेतना भौतिक अवस्थाअनुसार विकास गर्छ । उदाहरण : गरिबको विचार र धनीको विचार किन फरक हुन्छ ? किनकि उनीहरूको भौतिक अवस्था फरक हुन्छ । त्यस भौतिक अवस्थाले उसको चेतनाको विकास फरक ढंगले हुन्छ । पदार्थ स्थिर हुँदैन, यो गतिशील छ । पदार्थको गतिशीलता अनुसार नै समय र समाज बदलिन्छ । उदाहरण : मानव समाज ढुङ्गे युग : कृषि युग : औद्योगिक युग हुँदै आएको छ । पदार्थभित्र अन्तर्विरोध हुन्छ जसले सङ्घर्ष र परिवर्तन ल्याउँछ । उदाहरण : मालिक र मजदुर बिचको आर्थिक द्वन्द्वले सामाजिक रूपान्तरण हुन्छ ।

पदार्थ भनेको उत्पादनका साधन पनि हुन् – प्रकृति, श्रम, मेसिन आदि । उदाहरण : उत्पादन प्रणालीअनुसार समाजको स्वरूप निर्धारण हुन्छ । पदार्थ (भौतिक अवस्था) सामाजिक संरचना र सम्बन्धहरूको आधार हो । उदाहरण : सामन्ती समाज जमिनमा आधारित थियो, पुँजीवादी समाज कारखाना र पुँजीमा आधारित हुन्छ । पदार्थ प्रतिको स्वामित्वले वर्ग जन्माउँछ; जसको स्वामित्व हुन्छ त्यो शासक र जसको श्रम मात्र हुन्छ त्यो श्रमिक । उदाहरण : कारखानाको मालिक र मजदुर । पदार्थ र त्यसको उत्पादन तथा वितरण प्रणालीले मानव इतिहासको गति निर्धारण गर्छ । उत्पादन शक्ति बढेपछि नयाँ सामाजिक व्यवस्था जन्मन्छ – सामन्तवादबाट पुँजीवाद, पुँजीवादबाट समाजवाद ।

त्यसैले, समाज बुझ्नका लागि पदार्थको अध्ययन अर्थात् भौतिक अवस्था, उत्पादन प्रणाली र सामाजिक सम्बन्धको अध्ययन अनिवार्य हुन्छ । मार्क्सवादको यही सूक्ष्म जगमा यसका अन्य तत्वहरूको व्याख्या विश्लेषण भएको पाइन्छ, जसमा द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद, वर्ग संघर्ष, श्रम मूल्य सिद्धान्त, अतिरिक्त मूल्य, श्रमिक वर्गको मुक्ति, पुँजीवादी व्यवस्था, समाजवादी व्यवस्था, वैज्ञानिक समाजवाद, नियतिवाद, अन्तर्राष्ट्रिय वाद, क्रान्तिकारी व्यवहार, साम्यवाद, राज्यको विलय आदि प्रमुख छन् ।

**(लेखक पूर्व मन्त्री तथा संविधान सभा सदस्य हुन् ।)**

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# प्रमुख प्रशासकीय अधिकृत नहुँदा करोडौं रकम फ्रिज हुने चिन्ता



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ३ असार

आर्थिक वर्षको अन्त्यतिर आएर रौतहटको गुजरा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत विहीन हुँदा नगरको करोडौं रकम फ्रिज हुने अवस्थामा पुगेको छ, भने नगरको कामकाज निकै प्रभावित भएको छ। गुजरा नगरपालिका गएको वैशाख १७ गतेदेखि नै प्रमुख विहीन छ।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा गुजरा नगरपालिकाका विकास निर्माण लगायत अन्य कामकाज प्रभावित हुनुका साथै विभिन्न विकास निर्माणका योजनाहरुको करोडौं रकम भुक्तानी हुनबाट रोकिएको छ।

असारमा पनि प्रमुख प्रशासकीय अधिकृत नहुँदा सो पालिकामा प्रदेश सरकारको सशर्त अनुदानको पनि करोडौं रकम फ्रिज हुने अवस्थामा पुगेको मेयर सन्तलाल चौधरीले बताए।

नगरपालिकामा मंगलबार पत्रकारहरुसँग कुरा गर्दै नगर प्रमुख चौधरीले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चरम लापरवाहीका कारण गुजरा नगरपालिकाका विकास निर्माणका कामकाज प्रभावित हुनुका साथै करोडौंको रकम फ्रिज हुने अवस्थामा पुगेको बताए।

गुजरा नगरपालिकामा कामकाज गर्न भनी २०८१ भदौ ५ गते हाजिर भएका प्रमुख प्रशासकीय अधिकृत मित्रलाल ढकाल २०८२ वैशाख १७ गतेसम्म कामकाज गरेका थिए। कामकाज गर्दै गरेको अवस्थामा प्रशासकीय अधिकृत ढकालको वैशाख १७ गते जनकपुर उपमहानगरपालिकामा सरुवा भएको थियो।

ढकाल २०८२ वैशाख २१ गते सो उपमहानगरपालिकामा हाजिर भइ कामकाज गर्न थालेपछि गुजरा नगरपालिका सो समयदेखि प्रमुख प्रशासकीय अधिकृत विहीन रहँदै आएको थियो।

प्रमुख प्रशासकीय अधिकृत विहीन रहेको अवस्थामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यही असार ११ गते डाक्टर श्रवण कुमार साहलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा कामकाज गर्न खटाएको थियो।

२०८२ साल असार ३ गते प्रमुख प्रशासकीय अधिकृत साह गुजरा नगरपालिकामा कामकाज गर्न हाजिर भएका थिए, तर हाजिर भएको एकदिनमै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रशासकीय अधिकृत साहको जिम्मेवारी खोस्दै रौतहटकै चन्द्रपुर नगरपालिकामा प्रशासकीय अधिकृतमा सरुवा गरेको थियो।

हाल प्रशासकीय अधिकृत श्रवण कुमार साह चन्द्रपुर नगरपालिकामा कामकाज गरिरहेकाले गुजरा नगरपालिका पुनः प्रमुख प्रशासकीय अधिकृत विहीन रहेको छ।

गुजरा नगरपालिकाका मेयर चौधरीको सभाकक्षमा मंगलबार बसेको नगरसभाको विशेष बैठकले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले चालू आर्थिक वर्षको अन्तिम महिनामा गरेको प्रशासकीय अधिकृतको सरुवाप्रती खेद प्रकट गरेको छ।

मन्त्रालयले आर्थिक चलखेलको आधारमा बदनियतपूर्ण ढंगले आर्थिक वर्षको अन्त्य असार महिनामा प्रमुख प्रशासकीय अधिकृत अन्यत्र सरुवा गरी नगरको विकास निर्माण लगायत अन्य कार्यमा अवरोध पुऱ्याउने काम गरेको बैठकमा सहभागी मेयर चौधरीले जानकारी गराएका थिए।

हाकिम नहुँदा सम्पन्न भइसकेका विभिन्न योजनाको करोडौं रुपैयाँ भुक्तानी हुने अवस्था नरहेको र प्रदेश सरकारको सशर्त अनुदानको पनि करोडौं रकम फ्रिज हुने अवस्था रहेकोले यथाशिघ्र प्रमुख प्रशासकीय अधिकृत पठाइदिन नगर प्रमुख चौधरीले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग अनुरोध गरेका छन्।

प्रमुख प्रशासकीय अधिकृत नभए पालिकाको करोडौं रकम फ्रिज भइ ठूलो आर्थिक नोक्सान हुने भएकोले तत्काल निमित्त वा प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गरी ठूलो आर्थिक नोक्सान हुनबाट पालिकालाई जोगाउन मेयर चौधरीले संघीय मामिला मन्त्रीसँग आग्रह गरेका छन्।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभाग**
**(प्रशासन, योजना तथा दर्ता शाखा)**

**दावी विरोध सम्बन्धी सूचना**

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री WorldWide Recruitment Services Pvt. Ltd. (इ.प.नं.१६१७/०७९/८०) को **साविकको ठेगाना काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. १० परिवर्तन गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०३** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**बोलपत्रद्वारा गोलिय काठ र दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/03/04**

यस देउराली सामुदायिक वन उपभोक्ता समूह दुधौली नगरपालिका-६ सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्धी गरेको साल जातको गोलिया थान ४० को ७९०.३४ क्यू. फि. र दाउरा १.३६ चट्टा व्यापारिक प्रयोजनका लागि बिक्री-वितरण गर्न यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरि वन नियमावली २०७९ को नियम २८ बमोजिम योग्य उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्न १२.०० बजेभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**देउराली सा.व.उ.स.**
**दुधौली नगरपालिका-६, सिन्धुली**

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०८२/03/04**

यस सरस्वती सामुदायिक वन उपभोक्ता समूह राजापुर न.पा. ४ को सामुदायिक वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको खयर गोलिया थान ४३९ को ३१६.५७ घ. फि., सिसौ (वृक्षारोपण) गोलिया थान ११२ को २५२.५५ घ.फि., जामुन गोलिया थान २१ को ६५.२६ घ.फि., भेलोर गोलिया थान १९६ को ६०२.५६ घ.फि., सिमल गोलिया थान २९७ को २३८८.१८ घ.फि. र दाउरा ६ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानकारीको लागी यस समूहमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समूहको सुचना पाटीमा टाँस गरिएको छ।

**श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह,**
राजापुर न.पा.४, बर्दिया। मो.नं. ९८६८१०६५५५

**कुवेतमा रोजगार**

कम्पनी: Jragh & albabbous for wooden doors — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/११/२३ — चलानी नं.: ६०२३४१६२ — LT. No.: 320057 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 2 | 0 | स. काममा दक्ष | 120 | ५३,९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ११ गते (25 June 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. १५४१/०७८/०७९

**Pratik Human Resource Pvt. Ltd.**
Sinamangal - 9, Kathmandu, Nepal -Tel: 977-01-5913092,
Mobile No.: 9813467879, 9810171570
Email: pratikhumanr@gmail.com, Web.: www.pratikhumanresource.com

**कतारमा रोजगार**

कम्पनी: SALAM TECHNOLOGY — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८२/03/03 — चलानी नं.: ६०२३९६९० — L.T. No.: 325187

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 2 | 0 | स. काममा दक्ष | 2025 | ७६,३४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ११ गते (25 June 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | कामदारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Miracle Employment Service (P.) Ltd** — श्रम इजाजत पत्र नं.: ७१५/०६४/०६५
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal, Tel.: 01- 4416930, 4415239, Email: miraclems@wlink.com.np

**कुवेतमा रोजगार**

कम्पनी: BON & MORE LIGHT SNACKS COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/03/03 — चलानी नं.: ६०२३९७१४ — LT. No.: 325764

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५८,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Nepali Light Driver | 2 | 0 | | 135 | ६०,६५१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ११ गते (25 June 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**HABiBi International Recruitment Pvt.Ltd.** — Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल। फोन नं: ०१-४५९५१७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com

**JORDAN मा रोजगार**

कम्पनी: JORDAN DAIRY COMPANY LTD. — शहर: FSIEGTR
पूर्व स्वीकृत मितिः २०८२/03/03 — चलानी नं.:६०२३९६९८ — LT. No.: 325748

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 50 | 0 | स. काममा दक्ष | 290 | ५६,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: JORDAN UNION FOR AGRICULTURAL & ZOOLOGICAL INVESTMENTS — शहर: AMMAM
पूर्व स्वीकृत मितिः २०८१/१०/२३ — चलानी नं.: ६०२३२५१५ — LT. No.:318353 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Farmer | 42 | 0 | स. काममा दक्ष | 260 | ५०,४२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ११ गते (25 June 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले | रोजगारदाताले | कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | कामदारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**MOUNTAIN GROUP INTERNATIONAL PVT.LTD.** — श्रम इजाजत नं. ५९४/०६८/०६९
Tokha-7, Basundhara Chauwki, Kathmandu, Nepal, Ph No: 01- 4987494, 4983983
Mob No: 9802068888, Fax: 01-4987495

## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/०३/०४ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ।**

### तपसिल

### गोरखाबजार, गोरखा शाखा

#### १. ऋणीको विवरण

**सुमित्रा वानियाा**
ना.प्र.नं.- १०३६७१
जारी मिति - २०६०/०६/०१, जि.प्र.का.गोरखा
बाबु - झपटबहादुर घर्ती
बाजे - काले बहादुर घर्ती
स्थायी ठेगाना- गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. ०५ (साविक पृथ्वीनारायण न.पा. वडा नं. ०४)
हालको ठेगाना- ऐ.ऐ

#### धितो सुरक्षणको विवरण

१. **सुदर्शन वानिया**को नाममा मालपोत कार्यालय, गोरखामा दर्ता कायम रहेको गोरखा जिल्ला, गोरखकाली गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. २५८ र २६० को क्षे.फ. क्रमस ०–१४–०–२ र ०–३-१-३ (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **सुदर्शन वानिया**
ना.प्र.नं.- ४४१००१/४६६५
जारी मिति - २०६९/०७/२७, जि.प्र.का.गोरखा
बाबु - नारायण काजी वानिया
बाजे - मान वहादुर वानिया
पत्नी - चन्द्रकला खनाल वानिया
स्थायी ठेगाना- गोरखा जिल्ला, गोरखा गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- ऐ.ऐ

२. **चन्द्र कला खनाल वानिया**
ना.प्र.नं.- ४४-०१-७७-०५१७२
जारी मिति - २०७७/१०/२१, जि.प्र.का. गोरखा
बाबु - नेत्र प्रसाद खनाल
पति - सुदर्शन वानिया
बाजे - श्री प्रसाद खनाल
स्थायी ठेगाना- गोरखा जिल्ला, गोरखा न.पा., वडा नं. ०५
हालको ठेगाना- ऐ.ऐ

३. **ईन्द्र बहादुर घर्ति**
ना.प्र.नं.- १४००९४
जारी मिति - २०६३/०६/२३, जि.प्र.का. गोरखा
बाबु - झपटबहादुर घर्ति
बाजे - काले बहादुर घर्ति
स्थायी ठेगाना- गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. ०५ (साविक पृथ्वीनारायण न.पा. वडा नं. ०४)
हालको ठेगाना- ऐ.ऐ

#### २. ऋणीको विवरण

**सीता शाही**
ना.प्र.नं.- ७१८२८,
जारी मिति - २०५६/०४/१७, जि.प्र.का.गोरखा
बाबु - मंगल प्रसाद शाही
बाजे - मरिच मान शाही
पती - दिपक कुमार शाही
स्थायी ठेगाना- गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. ०६ (साविक पृथ्वीनारायण न.पा. वडा नं. ०३)
हालको ठेगाना- ऐ.ऐ

#### धितो सुरक्षणको विवरण

१. **दिपक कुमार शाही**को नाममा मालपोत कार्यालय, गोरखामा दर्ता कायम रहेको गोरखा जिल्ला, गोरखकाली गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. १६१६, १६१८ र १६२० को क्षेत्रफल क्रमशः ०-०-३-०, ०-२-३-१ र ०-८-१-१ (रोपनी) को जग्गा तथा सम्पुर्ण लिगलगापातहरु समेत।

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **दिपक कुमार शाही**
ना.प्र.नं.- १४९६/४४७८१
जारी मिति - २०५२/०१/११, जि.प्र.का.गोरखा
बाबु - केश लाल शाही
बाजे - टेक वहादुर शाही
पत्नी - सीता शाही
स्थायी ठेगाना- गोरखा जिल्ला, गोरखकाली गा.वि.स. वडा नं. ०६
हालको ठेगाना- गोरखा जिल्ला गोरखा न.पा. वडा नं. ०६

२. **सिजन शाही**
ना.प्र.नं.- ४४१००१/४४४०
जारी मिति - २०६९/०३/१८, जि.प्र.का. गोरखा
बाबु - दिपक कुमार शाही
बाजे - केश लाल शाही
स्थायी ठेगाना- गोरखा जिल्ला, गोरखा न.पा., वडा नं. ०४
हालको ठेगाना- गोरखा जिल्ला, गोरखा न.पा., वडा नं. ०६

#### ३. ऋणीको विवरण

**सगिरा मिया अन्सारी**
ना.प्र.नं.- ४४१००४/६७१,
जारी मिति - २०६७/०५/२९, जि.प्र.का. चितवन
बाबु - मुमदिन मिया
बाजे - अमिर दिन मिया
पती- सम्सुल अन्सारी
स्थायी ठेगाना- चितवन जिल्ला, खैरहनी गा.बि.स. वडा नं. ०८
हालको ठेगाना- गोरखा जिल्ला गोरखा न.पा., वडा नं. ०६

#### धितो सुरक्षणको विवरण

१. **जेहेरा बि.बि** को नाममा मालपोत कार्यालय, गोरखामा दर्ता कायम रहेको गोरखा जिल्ला, ताप्ले गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. १७७६ को क्षेत्रफल ०-१५-२-३, (रोपनी) को जग्गा तथा सम्पुर्ण लिगलगापातहरु समेत।

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **सुन्दर अलि मिया**
ना.प्र.नं.- ६०२०१
जारी मिति - २०५४/०३/०९, जि.प्र.का.गोरखा
बाबु - मुमदिन मिया
बाजे - अमिर दिन मिया
पत्नी - हनिफा खातुन
स्थायी ठेगाना- गोरखा जिल्ला, ताप्ले गा.वि.स. वडा नं. ०६
हालको ठेगाना- गोरखा जिल्ला गोरखा न. पा. वडा नं. ०६

२. **जेहेरा बि.बि**
ना.प्र.नं.- ८८६६
जारी मिति - २०४३/०३/१३, जि.प्र.का. गोरखा
बाबु - नुरमामत मिया
पति - मुमदिन मिया
बाजे - सविर वकस मिया
स्थायी ठेगाना- गोरखा जिल्ला, ताप्ले गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- गोरखा जिल्ला, गोरखा न.पा.., वडा नं. ०६

#### ४. ऋणीको विवरण

**तारा बस्नेत**
ना.प्र.नं.- ६३०९४,
जारी मिति - २०५४/०९/२५, जि.प्र.का. गोरखा
बाबु - देव बहादुर अधिकारी
बाजे - अम्बर बहादुर अधिकारी
पति - गोकर्ण सिंह बस्नेत
स्थायी ठेगाना- गोरखा जिल्ला, गोरखा न.पा., वडा नं. ०९ (साबिक पृथ्वीनारायण न.पा. वडा नं. ०८)
हालको ठेगाना- ऐ.ऐ

#### धितो सुरक्षणको विवरण

१. **गोकर्ण सिंह बस्नेत**को नाममा मालपोत कार्यालय, गोरखामा दर्ता कायम रहेको गोरखा जिल्ला, भोगटेनी गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ५२६ को क्षे.फ. ३–२–२–० (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **गोकर्ण सिंह बस्नेत**
ना.प्र.नं.- १४७७९
जारी मिति - २०४४/०३/०१, जि.प्र.का.गोरखा
बाबु - दिलमान सिंह बस्नेत
बाजे - कृष्ण सिंह बस्नेत
स्थायी ठेगाना- गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. ०९ (साविक रानिश्वारा गा.वि.स वडा नं. ०७)
हालको ठेगाना- गोरखा जिल्ला गोरखा न.पा. वडा नं. ०९

२. **सिद्धार्थ बस्न्यात**
ना.प्र.नं.- ४४१००१/६५७४
जारी मिति - २०७१/०२/०१, जि.प्र.का. गोरखा
बाबु - गोकर्ण सिंह बस्नेत
बाजे - दिलमान सिंह बस्नेत
स्थायी ठेगाना- गोरखा जिल्ला, गोरखा न.पा., वडा नं. ०९
हालको ठेगाना- गोरखा जिल्ला गोरखा. न.पा. वडा नं. ०९

३. **शैलेन्द्र मान सिंह बस्नेत**
ना.प्र.नं.- २८९८१
जारी मिति - २०४७/०३/१०, जि.प्र.का.गोरखा
बाबु - दिलमान सिंह बस्नेत
बाजे - कृष्ण सिंह बस्नेत
स्थायी ठेगाना- गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. ०९ (साविक रानिश्वारा गा.वि.स.वडा नं. ०७)
हालको ठेगाना- गोरखा जिल्ला गोरखा न.पा. वडा नं. ०९

४. **दिलमान सिंह बस्नेत**
ना.प्र.नं.- ४४३९२
जारी मिति - २०४१/०६/०४, जि.प्र.का.गोरखा
बाबु - कृष्ण सिंह बस्नेत
बाजे - गगन सिंह बस्नेत
स्थायी ठेगाना- गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. ०९ (साबिक रानिश्वारा गा.वि.स वडा नं. ०७)
हालको ठेगाना- गोरखा जिल्ला गोरखा न.पा. वडा नं. ०९

५. **दिर्घ कुमारी बस्नेत**
ना.प्र.नं.- ४६७
जारी मिति - २०४४/१०/२२, जि.प्र.का.गोरखा
बाबु - कृष्ण बहादुर
पती - दिलमान सिंह बस्नेत
बाजे –जय बहादुर
स्थायी ठेगाना- गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. ०९ (साविक रानिश्वारा गा.वि.स.वडा नं. ०७)
हालको ठेगाना- गोरखा जिल्ला गोरखा न.पा. वडा नं. ०९

#### ५. ऋणीको विवरण

**एलीसा वराम**
ना.प्र.नं.- ४४१०४५/३२९
जारी मिति - २०६६/०४/०८, जि.प्र.का.गोरखा
बाबु - खड्ग बहादुर वराम
बाजे - हस्त वहादुर वराम
स्थायी ठेगाना- गोरखा जिल्ला, बारपाक सुलिकोट गा.पा. वडा नं. ०६
हालको ठेगाना- गोरखा जिल्ला गोरखा न.पा. वडा नं. ०६

#### धितो सुरक्षणको विवरण

१. **एलिसा बराम**को नाममा मालपोत कार्यालय, गोरखामा दर्ता कायम रहेको गोरखा जिल्ला, गोरखकाली गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. ११७० को क्षे.फ. ०–४–०–० (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

#### व्यक्तिगत जमानीकर्ताको विवरण

१. **आइती माया बराम**
ना.प्र.नं.- ४४-०१-७२-००३७३
जारी मिति - २०७२/०३/०२, जि.प्र.का.गोरखा।
बाबु - खड्ग बहादुर वराम
बाजे - हस्त वहादुर वराम
पति - प्रेम वहादुर वराम
स्थायी ठेगाना- गोरखा जिल्ला, ताकुकोट गा.वि.स. वडा नं ०६
हालको ठेगाना- गोरखा जिल्ला गोरखा न.पा. वडा नं. ०७

### सानोभऱ्याङ्, काठमाण्डौ शाखा

#### १. ऋणीको विवरण

**दिपेन्द्र जंग थापा**
ना.प्र.नं.- ६२७/४१९७४
जारी मिति - २०५१/०४/२७ जि.प्र.का. गोरखा
बाबु - शशि जंग थापा
बाजे - बबर जंग थापा
स्थायी ठेगाना- गोरखा जिल्ला, भिमसेनथापा गा.पा.वडा नं. ०८
हालको ठेगाना- काठमाण्डौं, नागार्जुन न.पा. वडा नं. ०१

#### धितो सुरक्षणको विवरण

१. **दिपेन्द्र जंग थापा...१ र जीब कुमारी थापा...१** को संयुक्त नाममा मालपोत कार्यालय, कलंकी, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, इचंगुनारायण गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ३२६ को क्षे.फ.९७.४० (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात।

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **जीब कुमारी थापा**
ना.प्र.नं.- २२०
जारी मिति - २०४६/०२/०३ जि.प्र.का. गोरखा
बाबु - एक बहादुर हमाल
बाजे -
स्थायी ठेगाना- गोरखा जिल्ला, बोर्लाङ गा.वि.स. वडा नं. ५
हालको ठेगाना- काठमाण्डौं, नागार्जुन न.पा. वडा नं. ०१

२. **भवानी थापा बस्नेत**
ना.प्र.नं.- ४४१००७-७६२
जारी मिति - २०६४/०४/२०, जि.प्र.का. गोरखा
बाबु - शंकर वावु बस्नेत
बाजे - चन्द्र बहादुर बस्नेत
स्थायी ठेगाना- गोरखा जिल्ला, भिमसेनथापा गा.पा. वडा नं. ०८
हालको ठेगाना- काठमाण्डौं, नागार्जुन न.पा. वडा नं. ०१

**कुमारी बैंक लिमिटेड**
**KUMARI BANK LIMITED**
सबैका लागि, सधैंका लागि
**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# सालझण्डी ढोरपाटन सडक निर्माणमा बजेट अभाव

## निर्माण कम्पनीलाई ३५ करोड भुक्तानी हुन बाँकी




**मध्यान्ह संवाददाता**
अर्घाखाँची, ३ असार

२०६६ सालदेखि निर्माण सुरू भएको सालझण्डी-सन्धिखर्क ढोरपाटन सडकको १९ सय ७ किलोमिटर सडकमध्ये हालसम्म २५ किलोमिटर मात्रै सडक कालोपत्रै भएको छ। यो सडकको धेरै खण्ड ग्राभेल भएको छ भने कच्ची सडकको काम सकिएकाले धेरै ठाउँमा कालोपत्र गर्ने काम द्रुत गतिमा अगाडि बढेपनि रकम अभावले सडकको काम अलपत्र पर्ने सम्भावना बढेको सालझण्डी ढोरपाटन सडक आयोजनाका प्रमुख गागल बहादुर भण्डारीले बताए।

करिब ८ अर्बको डीपीआर भएको सडकमा आ.व २०८०/८१ मा सुरू बजेट मात्र १७.८७ करोड विनियोजन भएको र सोही आ.व.मा ५०.८७ खर्च भएको थियो।

आर्थिक वर्ष २०८१/०८२ मा मन्त्रालयले ४५ करोड बजेट विनियोजन गरेकोमा गत आ.व.२०८०/०८१ को दायित्व रकम रु.१६ करोड ६४ लाख भुक्तानी गर्दा योजनामा २८.३६ करोड बजेटबाट काम सुरू गरिएको थियो। गत वर्ष ४५ करोड बजेट प्राप्त भएको आयोजनामा आर्थिक वर्ष २०८१/०८२ मा ३८ करोड बजेट सिलिङ छ।

पाल्पाको खुर्सानेदेखि अर्घाखाँचीको पटौटीसम्मको २२ किलोमिटर सडक पिके अर्घाखाँची जेभिले द्रुत गतिमा कालोपत्रे गरेपनि सो कम्पनीलाई आयोजनाले जेठ मसान्तसम्म २५ करोड भुक्तानी गर्न बाँकी रहेको छ।

यता बिरुवा पुष्पा जेभीको माटेदेखि गुल्मीको सिर्सेनीसम्मको २६ किलोमिटर सडकमा काम सम्पन्न भएपनि जेठ मसान्तसम्म ५ करोड भुक्तानी गर्न बाँकी रहेको छ। ब्राइट हिमाल एमएम जेभीले पनि गुल्मीको सिर्सेनीदेखि बाग्लुङको अर्खाबाङ सडककोमा काम गरेको ५ करोड भुक्तानी लिन बाँकी रहेको छ। यस वर्ष ३५ करोड भन्दा बढी रकम निर्माण कम्पनीलाई तिर्न बाँकी रहेको आयोजनाले जनाएको छ।

अर्को वर्षबाट काम सुरू हुने बहुवर्षीय आयोजना अन्तर्गत लगाइएका ठेक्काको ३ करोड बढी रकम निर्माण कम्पनीलाई पेश्की दिन कार्यालयसँग रकम नभएको लेखा अधिकृत योगेश पन्थीले बताए।

आयोजना निर्माण गर्न लागेको १३ वर्षको अवधिमा झण्डै ३ अर्ब ३५ करोड रुपैयाँ खर्च भएको सालझण्डी-सन्धिखर्क सडक योजना प्रमुख भण्डारीले मध्यान्हलाई जानकारी दिए।

सन्धिखर्कको बजार क्षेत्रमा विवाद भएका कारण ओल्ला खोलादेखि रुब्दी, बराह बुटासम्म ठेक्का निकाल्न समस्या भएको योजना प्रमुख भण्डारीको भनाइ छ।

सुरूमा यही सन्धिखर्कको विवादले गर्दा काममा ढिलाइ भएको थियो। पछि टुक्रा-टुक्रा गरेर ठेक्का र उस्तै गरी बजेट आएपछि यो सडक निर्माणले द्रुत गति लिन सुरू गरेको योजनाका इन्जिनियरहरु बताउँछन्।

बजेट अभावकै कारण निर्माण कार्यले गति लिन नसकेको प्रमुख भण्डारीले स्वीकार गरे। अहिले परियोजना अन्तर्गत पाँच वटा ठेक्काको काम भइरहेको छ। पाँचवटा ठेक्का बहुवर्षे ठेक्का हुन्। सबै ठेक्कामा भुक्तानी दिने बजेट कार्यालयसँग नभएको र निर्माण व्यवसायी समेत पैसा नभएपछि काम गर्न उत्साहित नभएको भण्डारीले गुनासो गरे।

बाग्लुङको बुर्तिवाङ्गदेखि फल्लेघरसम्मको २२ किलोमिटर ठेक्कामा पनि ५ करोड तिर्न बाँकी छ। कार्यालयमा बजेट अभाव भएपछि निर्माण व्यवसायीलाई काम गर्न ताकेता लगाउन नसकिने भएकाले काम गर्न दबाब दिन कठिन हुने साइटमा खटिएका कर्मचारीहरु बताउँछन्। खासगरी यो सडक ५ जिल्ला रुपन्देही, पाल्पा, अर्घाखाँची, गुल्मी, बाग्लुङ जिल्लालाई प्रत्यक्ष सहयोग पुऱ्याउने गौरवको सडक योजना भएपनि सरकारमा रहने उच्च तहका नेताहरुले ध्यान नदिएको कारण सडकमा बजेट अभाव भएको यहाँका जनताहरुको बुझाइ छ।

यी ५ जिल्लामा पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने उद्देश्यले सडकको निर्माण थालेपनि सरकारको बेवास्ता नेताहरुको दुरदृष्टि नपुग्दा सडकलाई आवश्यकपर्ने उचित बजेट पर्न नसकेको भन्दै स्थानीयवासी निराश बनेका छन्। यस्तै, प्यूठानको पूर्वी क्षेत्र र रुकुम पश्चिमका स्थानीयवासी पनि यस सडकबाट प्रत्यक्ष लाभान्वित हुने छन्।

**साइप्रसमा रोजगार**
कम्पनी: MEDEON INTERNATIONAL PLACEMENT AGENCY LTD — शहर: CYPRUS
पूर्व स्वीकृत मितिः २०८१/१२/०६ — चलानी नं.:६०२३४८३० — LT. No.:320598 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 2 | 0 | सम्बन्धित काममा दक्ष | 800 | १२७,२७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Butchers | 6 | 0 | | 750 | ११९,३१७ | | | | | | | |
| 3. | Labour | 4 | 0 | | 550 | ८७,४९९ | | | | | | | |

कम्पनी: MEDEON INTERNATIONAL PLACEMENT AGENCY LTD — शहर: CYPRUS
पूर्व स्वीकृत मितिः २०८१/१०/३० — चलानी नं.:६०२३३२९७ — LT. No.:318706 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | House Keepers | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1061 | १६८,७९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 0 | 5 | | 1231 | १९५,८३९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ११ गते (25 June 2025) मा हुनेछ।

